इन्सेक अभियान

वर्ष ४, अंक ४, पूर्णाङ्क ३४, साउन २०५५

विगत एक महिनाम

मानवअधिकार हन

सम्बन्धी केही घटनाह

इन्सेक

गतिविधि

प्रकाश स्मृति दिवस सम्पन्न

अग्रज योद्धाको छैठौं स्मृति दिवस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा ०५५ साउन १६ गते शनिवार रूसी सांस्कृतिक केन्द्र, कमलपोस्वरी काठमाडौंमा अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको छैठौं स्मृति दिवस सम्पन्न भयो। सो अवसरमा ०५४ सालको "प्रकाश मानवअधिकार पुरस्कार" वितरण गरियो। वरिष्ठ राजनीतिज्ञ स्व. टंकप्रसाद आचार्यकी धर्मपत्नी श्रीमती रेवन्ती कुमारी आचार्यको प्रमुख आतिथ्यमा श्री दयावीर सिंह कंसकारलाई प्रदान गरिएको उक्त पुरस्कार अस्वस्थताका कारणले उहाँ उपस्थित हुन नसक्नु भएकोले उहाँकी धर्मपत्नी चन्द्रलक्ष्मी कंसकारलाई प्रदान गरिएको थियो। इन्सेकका अध्यक्ष सुशील प्याकुरेलको सभापतित्व र नरनाथ लुइँटेलको संचालनमा सम्पन्न उक्त कार्यक्रममा कंसकारका समकालीन समाजसेवीहरू सिद्धिगोपाल बैद्य, रूद्रलाल मुल्मी र प्राध्यापक आशाराम शाक्यलाई विशिष्ट वक्ताको रूपमा समारोहमा आमन्त्रण गरिएको थियो।

स्व. प्रकाश काफ्लेको तस्वीरमा मानवअधिकारवादी कार्यकर्ता र सांसद पद्मरत्न

प्रकाश स्मृति दिवसका अवसरमा प्रमुख अतिथिका तर्फबाट उहाँकी छोरी मीना आचार्यले पढ्नु भएको वक्तव्यको पूर्ण विवरण यस प्रकार छ-

सभापतिं ज्यू,

आदरणीय श्री दयावीरसिंह कंसकार जी,

यस समारोहमा उपस्थित हुनु भएका सबै प्रजातन्त्र प्रेमी दाजुभाई दिदी बहिनी र मानवअधिकारका लागि लागिपर्ने मित्रजनहरू ।

आज श्रवण १६ गते हामी यहाँ स्वर्गीय प्रकाशराज काफ्लेको स्मृतिको लागि भेला भएका छौं । प्रकाश काफ्ले नेपालका जेठा राजनीतिज्ञ मेरा श्रीमान टंकप्रसाद आचार्यका ज्यादै प्रिय व्यक्ति थिए । प्रकाशले नेपालमा मानवअधिकारको बहालीको लागि पंचायती व्यवस्था जस्तो क्रुर शासन व्यवस्था भएको बेलामा पनि शाहसपूर्वक घेरै काम गरे । टंकप्रसादजीले जहिले पनि उनको साहसी काममा आफनो सहयोग र सर्मथन गर्नुभयो। हाम्रो घरको प्राङ्गण र ढोका बद्रि खतिवडा, प्रकाश काफ्ले र सुशील प्याकुरेलको लागि सदा खुल्ला थियो । उनीहरूले कति पटक हाम्रो प्राङ्गणमा पञ्चायत विरोधी सभाहरू गरेका थिए त्यो सबैलाई थाहै छ । स्वर्गीय टंकप्रसादज्यूको जन्मोत्सब जनस्तरबाट व्यापक रूपमा मनाएर प्रकाश र उनका साथीहरूले त्यसबेलाका शासकहरूलाई एउटा हाँक नै दिएका थिए ।

त्यस्ता प्रकाश काफलेको छैठौं पूण्य स्मृतिमा नेपालका ख्यातिप्राप्त बयोवृद्ध समाजसेवी श्री दयावीरसिंहजीलाई इन्सेकले "प्रकाश मानवअधिकार पुरस्कार" प्रदान गरेर दयावीरजीको मात्र सम्मान गरेको छैन संस्था आफै पनि सम्मानित भएको जस्तो मलाई लागेको छ । हाम्रो समाजमा इतिहासलाई विसनि चलन छ, शक्तिको मात्र पछाडि लाग्ने हाम्रो बानी छ तर प्रकाशले जसरी विगतमा योगदान गर्नेलाई सम्मान गर्नेगर्थे त्यसैगरी इन्सेकले नेपालमा राणाकालीन समयमै परोपकार जस्तो संस्था खोली तथा प्रसूति गृहको स्थापनामा पनि अद्वितिय योगदान गर्ने, जनताको सेवामा जुट्ने, दयावीरजीको सम्मान गरेकोमा मलाई ज्यादै खुशी लागेको छ । यसमापनि मलाई यो पुरस्कार प्रदान गर्न लगाएकोमा आफू नै सम्मानित भएको झैं लागेको छ । यसको लागि म इन्सेकको नेतृत्वमा रहेका व्यक्तिहरू तथा तमाम इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा- नेपालमा प्रजातन्त्र र मानवअधिकारको लागि आफनो कलिलै उमेरमा पनि घेरै काम गरी जाने प्रकाश काफ्लेप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उनको सम्झनामा स्थापित गरिमामय पुरस्कार प्राप्त गर्नु हुने श्री दयावीरसिंहजीलाई हार्दिक बधाई दिन चाहन्छु ।

हामी सबैलाई सत्कार्य गर्न प्रेरणा प्राप्त होस् ।

धन्यवाद !

रेवन्ती कुमारी आचार्य

२०५५ साउन १६

तुलाधरले माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गरे पश्चात् शुरू गरिएको सो कार्यक्रमको उद्घाटन प्रमुख अतिथि श्रीमती रेवन्ती कुमारी आचार्यले तीनवटा मैनवत्ती प्रज्वलनद्वारा गर्नु भएको थियो। समारोहमा सहभागीहरू सबैलाई इन्सेकका महासचिव डा. राजेश गौतमले समाजसेवी दयावीरसिंह कंसकारको व्यक्तित्वमाथि प्रकाश पार्नु भएको थियो। कार्यक्रमका अन्य अतिथिहरूमा हुरनका अध्यक्ष कपिल श्रेष्ठ, शान्ति समाजका अध्यक्ष कृष्ण पहाडी, स्व. काफ्लेकी धर्मपत्नी श्रीमती सरीता काफ्ले कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो।

सो कार्यक्रममा प्रमुख अतिथि श्रीमती रेवन्त कुमारी आचार्यले "प्रकाश मानवअधिकार पुरस्कार-०५४" द्वारा सम्मानित समाजसेवी दयावीरसिंह कंसकारलाई प्रदान गरिने नगद रू. २५ हजार, उहाँकी धर्मपत्नीलाई प्रदान गर्नु भएको थियो। साथै आदरपत्र वाचन इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले गर्नुभएको थियो। इन्सेकको कलात्मक चिन्ह लोगो इन्सेकका महासचिव डा. राजेश गौतमले प्रदान गर्नु भएको थियो।

प्रकाश स्मृतिमा अतिथि वक्ताहरुले व्यक्त गर्नु भएका विचार

छैठौं प्रकाश स्मृति ०५५ साउन १६ गते "प्रकाश मानवअधिकार पुरस्कार" वितरण समारोहमा विशिष्ट वक्ताको रूपमा आमन्त्रित सिद्धि गोपाल वैद्यले कार्यक्रममा मन्तव्य व्यक्त गर्दै भन्नुभयो- "इन्सेकले दयावीरजीलाई मानवअधिकार पुरस्कार प्रदान गरेर उहाँका हामी कार्यकर्ता र सहयोगीहरूको पनि कदर गरेको छ।" वैद्यले दयावीरसिं कंसकारको ज्युँदो योगदानको चर्चा गर्दै उहाँ सफल हुनुमा लगनशीलता र समाजसेवा प्रतिको समर्पणका साथै असल कार्यकर्ता र सहयोगीहरूले गरेको निस्वार्थ सहयोगको भावनाले पनि हो। वैद्यले काठमाडौं उपत्यकामा झाडावान्ता हैजा फैलिएको समयमा कंसाकारसंगै चापागाउँ, लुभु, वुङमती, साँखु, भक्तपुर आदि स्थानमा औषधि गर्न गएको संस्मरण पनि सुनाउनु भयो। उहाँले अगाडि भन्नुभयो- म आज ९४ वर्षको बुढो मैसकें, म पनि दयावीरजीलाई भित्रदेखिनै नमस्कार गर्ने गर्छु। हामी सबैले यस्तै समाज सेवाको भावना राख्नेमा अवश्य त्यो भावना पूरा पनि हुन्छ र काम गर्दै जाँदा कसैन कसैले उचित मूल्यांकन गर्छ भन्ने कुरा आज प्रमाणित भएको छ। साथै प्रकाश मानवअधिकार पुरस्कारबाट दयावीरजीको सम्मानका साथै हाम्रो पनि इज्जत बढेको छ भन्ने विचार उहाँले व्यक्त गर्नु भएको थियो।

सिद्धिगोपाल वैद्य

कपिल श्रेष्ठ

कृष्ण पहाडी

सुशील प्याकुरेल

समारोहमा कंसकारका समकालीन व्यक्तित्व रूद्रलाल मुल्मीले प्रकाश मानवअधिकार पुरस्कारको गरिमा र स्व. प्रकाश काफ्लेको योगदानको चर्चा गर्नु भएको थियो। कार्यक्रममा मन्तव्य व्यक्त गर्दै मुल्मीले दयावीरसिंहज्यूका बारेमा भैले धेरै बोल्नु पर्दैन। किनभने उहाँको समाज सेवाका ज्यूँदा कृतिहरू आफै बोलिरहेका छन्। जस्तो कि परोपकार संस्था, स्कूलहरू आफैले कंसकारका योगदानको उल्लेख गरिरहेका छन्। उहाँले कंसकारको चर्चा गर्दै "दयावीरसिंह र परोपकार एउटै पाटाका दुई सिक्का हुन्" भन्नुभयो। उहाँले अगाडि भन्नुभयो- "आज यो पुरस्कार तपाईहरूले जसलाई दिनु भयो त्यो व्यक्ति पुरस्कृत र सम्मानित भएको होइन तपाई दिने व्यक्तिहरू र यो इन्सेक संस्था सम्मानित भएको छ, पुरस्कृत भएको छ भन्ने धारणा मुल्मीले कार्यक्रममा व्यक्त गर्नु भएको थियो। यसै सन्दर्भमा समाजमा सामाजिक र परोपकारी भावना भएका व्यक्तिहरू कम हुँदै गएका छन्। हाम्रा मूल्य र मान्यता समेत विकृत बन्दै गइरहेको वर्तमान अवस्थालाई इन्सेक जस्तो सामाजिक संस्थाले बेलैमा के गर्नु पर्ने हो सोच्नु पर्ने अवस्था आइसकेको विचार उहाँले व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै कंसकारका अर्का समकालीन मित्र प्राध्यापक आशाराम शाक्यले पुरस्कृत व्यक्तित्वका सम्बन्धमा बोल्दै

भन्नुभयो- "दयावीरले दीन हिन दुःखीहरूको सेवा गरेर, दया गरेर कमाएको नाम नै दयावीर हो। यो नाममा उसले वीरता प्राप्त गरेको छ र ऊ साँच्चै दयावीर बनेको छ" भन्ने धारणा व्यक्त गर्नु भएको थियो। उहाँले अगाडि भन्नुभयो- आज मानवअधिकारको योद्धा, समाजसेवी प्रकाशको स्मृतिमा हामी वुद्धाहरूलाई नपाईहरूले सम्झनु भयो यसबाट दयावीर र प्रकाश काफ्ले दुवैप्रति गहिरो संझना र श्रद्धा हो। नपाईहरूले जुन काम गरिरहनु भएको छ र गर्नु भयो त्यसको लागि हाम्रो, नपाईहरूलाई लाख-लाख धन्यवाद छ भन्नुहुँदै आशारामले इन्सेक संस्थाको चर्चा समेत गर्नु भएको थियो।

समारोहमा मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडीले "मानिसलाई जन्मले होइन कर्मले श्रेष्ठ बनाउँछ, भनिन्छ कि आजको पुस्ताले इतिहास निर्माण गर्छ र भोलिको पुस्ताले त्यसलाई लेख्दै र पढ्दै जान्छ। आज स्व. प्रकाश काफ्लेको सन्दर्भमा हामीलाई यही लागिरहेको छ" भन्नुभयो। उहाँले अगाडि भन्नुभयो- "आज विश्व संयुक्त राष्ट्र संघको वडापत्र घोषणा भएको ५० वर्ष पुगेकोमा मानवअधिकारको आन्दोलनलाई कसरी अगाडि वढाउने भनेर कतिपय राष्ट्रहरू काम गरिरहेका छन्। तर नेपालमा भने त्यसको विपरित हिंसा र प्रतिहिंसा बढिरहेको छ। यसले हामीलाई समेत कहाँ र कता लाने हो? हाम्रो भविष्य के हुने हो? यसमा हामी सबै चिन्तित हुनु पर्दछ भन्दै पहाडीले वर्तमान नेपालको मानवअधिकार आन्दोलनको चर्चा गर्नु भएको थियो।

नेपाल मानवअधिकार संगठनका अध्यक्ष कपिल श्रेष्ठले "समाज सेवाका तपश्वी दयावीर सिंह जस्ता परोपकारका महान व्यक्तिलाई इन्सेकले कदर गरेर जुन पुरस्कार प्रदान गर्‍यो, इन्सेक स्वयं आफैले पनि त्यो पुरस्कारबाट कदर प्राप्त गर्‍यो" भन्ने धारणा उहाँले कार्यक्रममा व्यक्त गर्नु भएको थियो। अध्यक्ष श्रेष्ठले प्रकाश काफ्लेको चर्चा गर्दै भन्नुभयो- प्रकाशले नेपालको लागि मात्र होइन दक्षिण एशियाकै मानवअधिकार आन्दोलनलाई माथि उठाउन काम गरिरहेको थियो। त्यसैले आज हामीले उहाँको त्यो दुरदर्शिता, क्षमता र विलक्षण प्रतिभाको सम्झना गरिरहेका छौं। उहाँले उठाउनु भएको आन्दोलन र कामलाई बारम्बार सम्झिरहेका छौं। प्रकाशलाई हामीले भन्दा पनि भावी पुस्ताले अझै सम्झने छन् र उहाँको खोजी गर्ने छन् भन्ने विचार नेपाल मानवअधिकार संगठनका अध्यक्ष कपिल श्रेष्ठले व्यक्त गर्नु भएको थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशील प्याकुरेलले कार्यक्रममा सभापतिको आशनबाट बोल्दै भन्नुभयो- "यतिखेर मलाई स्व. प्रकाश काफ्लेको सम्झनाले सताउने गरेको छ। हुनत मानवअधिकारको आन्दोलनमा लागेर हिड्ने अरू पनि साथीहरूले उहाँलाई सम्झना गर्छन्। र सम्झिरहन्छन् भने झन मलाई उसको सम्झना नआओस् पनि कसरी? आउने गर्छ र म उसलाई सम्झिरहनेछु। किन कि प्रकाशले शुरू गरेका कामलाई म वाचुन्जेल मैले निरन्तरता दिनु पर्छ।" मानवअधिकार, स्व. प्रकाश काफ्ले र पुरस्कारको सम्वन्धमा चर्चा गर्दै उहाँले अगाडि भन्नुभयो- आजसम्म हामी चार जनालाई यो पुरस्कार प्रदान गर्‍यौं, यस पुरस्कारको महत्व र गरिमालाई विचार गरेर उस्तै उच्च गरिमामयी व्यक्तित्वहरूलाई दिदै आएका छौं। उहाँले पुरस्कारका सम्बन्धमा इन्सेकको धारणा र सोचलाई कार्यक्रममा प्रष्ट पार्नु भएको थियो। साथै उहाँले प्रकाशको चर्चा गर्दै भन्नुभयो- प्रकाश आलोचनाबाट कहिल्यै नभाग्ने सतिसाल जस्तै दरो र स्वाभिमानी थियो, ऊ कहिल्यै सानातिना धक्का, हावा र हुरीमा हल्लिएन, स्वाभिमान पूर्वक काममा डटिरह्यो त्यसैले आज यो इतिहासले प्रकाशलाई खोजिरहेको छ। आजको यो सभा इतिहास र वर्तमानलाई जोड्ने सेतु बनेर यो दिनमा उभिएको छ। साथै विशिष्ट आमन्त्रित वक्ताहरूले समारोहमा बोल्नु भएका कुरालाई आफूले अशिर्वाद र आशिरवचनको रूपमा लिएको धारणा उहाँले व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै इन्सेकका महासचिव डा. राजेश गौतमले लामो समयदेखि निरन्तर समाज सेवामा तल्लिन व्यक्तित्व दयावीरसिंह कंसकारलाई इन्सेकले पुरस्कार प्रदान गर्ने भनेर घोषणा गर्दा इन्सेकको सम्वन्धमा केही साथीहरूले टिकाटिप्पणी गरेको उहाँले बताउनु भयो। दयावीरजी दरबारको होइन जनताको, दीन-हीन दुःखी गरीबको परोपकारी र समाजसेवी व्यक्तित्व हुनुहुन्थ्यो। त्यसैले इन्सेकले दयावीरजीलाई "प्रकाश मानवअधिकार पुरस्कार" ले सम्मान गरेको बताउनु भयो। समारोहमा

पुरस्कृत व्यक्तित्व दयावीरसिंह कंसकारको सम्बन्धमा चर्चा र योगदानका बारेमा पनि उहाँले बोल्दै भन्नुभयो- दयावीरजी नेपालकै पहिलो रक्तदाता भएको बताउनु भएको थियो।

पुरस्कारबाट सम्मानित व्यक्तित्व

०५४ सालको प्रकाश मानवअधिकार पुरस्कार वि. सं. २००१ साल देखि परोपकारी कार्य आरम्भ गरी निरन्तर सामाजिक सेवामा समर्पित ८७ वर्षिय वृद्ध तथा अग्रणी समाजसेवी श्री दयावीर सिंह कंसकारलाई यही साउन १६ गते प्रकाश स्मृति दिवसका दिन प्रकाश मानवअधिकार पुरस्कार प्रदान गरिएको छ। श्री कंसकार वि. सं. १९६८ साल वैशाख २२ गते पिता स्व. भवानीवीर कंसकार र माता स्व. लक्ष्मी देवी कंसकारका जेष्ठ सुपुत्रका रूपमा काठमाडौंस्थित केलटोलमा जन्मिनु भएको हो। उहाँ नेपालको प्रथम रक्तदानकर्ता, नेपाल कै पहिलो कल्याणकारी परोकार संस्था (स्था. २००४ साल) को संस्थापक र सञ्चालक तथा नेपाल रेडक्रस सोसाइटीका संस्थापक सदस्य हुनुहुन्छ।

आठ कक्षासम्म मात्र औपचारिक शिक्षा लिनु भएका दयावीरसिंह राणाकालीन जर्जर युगमा पनि व्यक्तिगत सुख-सुविधा त्यागेर दीनहीन तथा गरीब र रोगीहरूको सेवा र परोपकारमा समर्पित हुने एउटा आदर्शको धरोहर हुनुहुन्छ। सेवालाई परोपकार भन्दा आफ्नै स्वार्थपूर्तिको साधन बनाउने प्रवृत्ति कै हालीमुहाली भइरहेको यो बेला- "यस्तो काम गर, जसबाट धेरै मानिसको जीवन रक्षा होस्" भन्ने आदर्शलाई आजीवन आत्मसात गरिरहने कंसकारको जीवन र व्यक्तित्व आफैमा एउटा सबल आदर्श हो। वि. सं. २००० साल अघि र पछि आफ्नो सानो पसलमा प्राथमिक उपचारका केही औषधिहरू राखी दीनदुःखी र गरीबहरूलाई निःशुल्क वितरण गरी सेवा कार्य थाल्नु भएका कंसकारले २००४ साल असोज १० गते तत्कालीन राणा सरकारबाट "खड्ग निशाना" प्राप्त गरी परोपकार औषधालय स्थापना गर्नु भयो। यही औषधालय २००७ सालमा प्रजातन्त्र

स्थापनाको लगत्तै पछि परोपकार संस्थाको नाममा रूपान्तरित भएर आज पर्यन्त सामाजिक सेवामा डटिरहेको छ। २००७ सालको राणा विरोधी सशस्त्र आन्दोलको क्रममा घाइते भएकाहरूलाई उपचार गर्ने कार्यमा समेत परोपकार संस्था परिचालित भएको थियो भन्ने कुरा इतिहासमा उल्लेखित छ। तत्कालीन समयमा देशका विभिन्न भागमा खुलेका यसका ४५ वटा डिपोबाट क्रान्तिकारीहरूले सेवा सुविधा प्राप्त गरेका थिए। परोकार संस्थाको सेवा कार्य विस्तारका क्रममा वि. सं. २००९ सालमा परोपकार अनाथालयको स्थापना, वि. सं. २००९ सालमा परोपकार आदर्श हाइस्कूलको स्थापना, २०१० सालमा नेपालमै सर्व प्रथम परोपकार एम्बुलेन्स सेवाको सञ्चालन, २०१५ साल पछि अभियानकै रूपमा परोपकार रक्तदान कार्यको सुभारम्भ, २०१६ सालमा परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसुती गृहको स्थापना, लगायत विविध परोपकार कार्यमा दयावीर सिंह कंसकारको महत्वपूर्ण योगदान रहेको छ। यसरी परोपकार जस्तो विविध सेवा क्षेत्रहरूको स्थापना, सञ्चालन र विकासमा परोपकार संस्थाका जन्मदाता श्री दयावीर सिंह कंसकारले अग्रणी भूमिकाको निर्वाह गर्नु भएको छ र उहाँ स्वयं एउटा आदर्श संस्था बन्नु भएको छ। उहाँको यही उच्च व्यक्तित्वको कदर गर्दै २०५४ को प्रकाश मानवअधिकार पुरस्कारले उहाँलाई सम्मानित गर्ने निर्णयमा गरियो।

हामीलाई लाग्छ, यो पुरस्कारले उहाँ मात्र सम्मानित हुनु भएको छैन, दीनहीन र दुखी गरीवहरूप्रति सधैं सेवा भाव राख्नु पर्दछ भन्ने धेय र भावना पनि सँगसँगै सम्मानित भएको छ।

८७ वर्षीय समाजसेवी श्री दयावीर सिंह कंसकारप्रति इन्सेक परिवार हार्दिक बधाई ज्ञापन गर्दछ। ●

मानवअधिकार शिक्षक तालिम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयद्वारा संचालित नौ दिने मानवअधिकार शिक्षक तालिम यही साउन २६ गते सम्पन्न भयो। साउन १८ गतेदेखि संचालन भएको उक्त तालिमको उद्घाटन सहभागीहरूद्वारा सामुहिक रूपमा डोरी तानेर गरिएको थियो। तालिममा मध्यमाञ्चल क्षेत्रका धनुषा, दोलखा, बारा, पर्सा, रौतहट, काभ्रे, सिन्धुपाल्चोक, चितवन, नुवाकोट र रसुवा गरी दश जिल्लाबाट आएका ३९ जना मानवअधिकार शिक्षकहरू र इन्सेक आबद्ध संस्थाका कार्यक्रम संयोजक तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

पूर्ण रूपमा सहभागीमूलक ढंगबाट संचालन भएको उक्त तालिमको उद्देश्य ग्रामीण जनता बीचमा गएर प्रकाश पुस्तकको माध्यमबाट प्रौढ साक्षरता कक्षा कसरी संचालन गर्ने, गाउँघरका अशिक्षित, निरक्षर, शोषित, उत्पीडित, दलित, जनजाति तथा महिलाहरूलाई साक्षर पार्दै मानवअधिकार शिक्षाबारे सचेत पार्नु पर्ने रहेको छ। मानवअधिकार शिक्षकहरू गाउँमा गएर प्रौढ कक्षा संचालन गर्दा कसरी सहयोगी कार्यकर्ताको रूपमा प्रस्तुत हुने, कसरी स्थानीय स्रोत र साधनलाई परिचालन गर्ने, गाउँमा भएका समस्याहरूलाई कुन ढंगले समाधान गर्ने तथा ती गाउँका उत्पीडित, शोषित, निरक्षर जनजाति तथा महिलाहरूलाई प्रौढ साक्षरता कक्षामा सामेल गर्न उत्प्रेरित गर्ने र मानवअधिकार शिक्षकहरूको भूमिका के हो भन्ने विषयमा यो तालिमबाट उपस्थित मानवअधिकार शिक्षकहरूलाई जानकारी गराइएको थियो।

सहभागी मुलक कार्यक्रम भएकाले सहभागी शिक्षकबाटै ग्रामीण स्तरमा हुने समस्याहरूको पहिचान गर्ने र सहभागीहरूद्वारा नै त्यस समस्याको निराकरण गर्ने र त्यसमा प्रशिक्षकहरूले मार्गदर्शन दिने विधिद्वारा तालिम संचालन गरिएको थियो। प्रकाश पुस्तक पढाउँदा आउने समस्या र त्यसको निराकरण बारे पनि सहभागीहरूले आ-आफ्नो धारणाहरू तथा सुझावहरू प्रस्तुत गर्नु भएको थियो।

मानवअधिकार शिक्षक तालिमका प्रशिक्षकहरूमा इन्सेक तालिम शाखाका रमेश पौड्याल, प्रकाशन संयोजक नरनाथ लुइँटेल, चितवन कार्यक्रम संयोजक सुशीला पौड्याल, काभ्रेका कार्यक्रम संयोजक शिव स्वकुरेल तथा प्रतिनिधि सरोज कुइकेल हुनुहुन्थ्यो। इन्सेक केन्द्रीय कार्यालयका निर्देशक कृष्ण उपाध्यायले पनि मानवअधिकारको बारेमा मानवअधिकार शिक्षकहरूलाई प्रशिक्षण दिनुभएको थियो। त्यसैगरी तालिम शाखा प्रमुख देविका तिमिल्सिनाले मानवअधिकार तथा सचेतन कक्षाको बारे सहभागीहरूलाई प्रशिक्षण दिनुभएको थियो। प्रकाश पुस्तक पाठ योजना तथा

त्यसका समस्याहरू र योजना तर्जुमा र आगामी दिनमा प्रकाश पुस्तकलाई कसरी परिमार्जित गर्दै लाने भन्ने विषयमा नरनाथ लुइँटेलले प्रशिक्षण दिनु भएको थियो।

यसरी नौ दिनसम्म संचालित मानवअधिकार शिक्षक तालिमबाट मानवअधिकार शिक्षकहरूले मानवअधिकार शिक्षालाई ग्रामीण क्षेत्रमा पुऱ्याउन र प्रकाश पुस्तकको माध्यमबाट साक्षरता कक्षा संचालन गरी ग्रामीण उत्पीडित शोषित, जनजाति तथा महिलाहरूलाई साक्षर पार्न हुने विश्वास लिइएको छ।

तालिमको समापन समारोहलाई मन्तव्य दिँदै इन्सेकका अध्यक्ष तथा समारोहका प्रमुख अतिथि सुशील प्याकुरेलले भन्नुभयो- "मानवअधिकार शिक्षा एउटा आन्दोलन हो, यो निरन्तर चलिरहन्छ, यसलाई सहभागी शिक्षकहरूले शान्तिपूर्ण ढंगले संचालन गर्नुहुनेछ भन्दै मानवअधिकारको परिभाषा ग्रामीण क्षेत्रमा सरल ढंगले जनतालाई दिनुपर्ने हुन्छ। मानवअधिकार स्लोगन नारा मात्र होइन यो ज्ञान जनतालाई दिन सक्नुपर्छ खान लाउन नपाउनु पनि मानवअधिकार हनन हो। गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य जस्ता कुराहरू राज्यको उत्तरदायित्व भित्र पर्दछन्। तसर्थ जहाँ विना कुनै छेकबार जनताले आफ्नो अधिकारहरू स्पष्ट उपयोग गर्ने सामाजिक परिपाटी स्थापित भयो भने मात्रै मानवअधिकारको साँचो प्रत्याभूति हुन्छ, शान्तिको स्थापना हुन्छ।"

मानवअधिकार शिक्षक तालिमको समापन कार्यक्रममा स्वागत मन्तव्य दिँदै प्रशिक्षकको तर्फबाट शिव स्वकुरेलले मानवअधिकार चेतना रूपी बिगुललाई गाउँका कुना-कुनामा पुऱ्याउने यस कार्यक्रममा सहभागीहरूले आफ्नो महत्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भयो। यसै क्रममा सहभागीहरूका तर्फबाट कल्याणी के.सी.ले यस नौ दिने तालिममा साक्षरताको कुरा मात्र नभएर आफ्ना अधिकार कर्तव्य जस्ता चेतना युक्त कुराहरू समेत सिकाई प्रशिक्षित बनाएकोमा आयोजक संस्थालाई धन्यवाद दिँदै आउँदो दिनहरूमा पनि यस्ता कार्यक्रमहरू संचालन हुनु पर्दछ भन्नुभयो। यसैगरी सहभागीहरूकै तर्फबाट सुधामा रामले कार्यक्रम सहज ढंगबाट सफल भएकोमा आयोजकलाई धन्यवाद दिनु भयो।

कार्यक्रम संयोजकहरूको तर्फबाट नवराज वस्नेतले भन्नुभयो- शिक्षणका विभिन्न विधिहरू, प्रक्रियाहरू, विभिन्न तौर तरिकाहरू हामीले यो तालिम अवधिभरि सिकेका छौं र हामी यस तालिमहरूबाट सिकाइएका चेतना अभिवृद्धिका ज्ञानलाई आफ्ना कार्यक्षेत्रमा सफलताका साथ प्रयोग गर्ने वचन बद्धता व्यक्त गर्नुभयो। उहाँले प्रकाश अध्यारो होइन उज्यालो हो आधारभूत जनताको बीचमा प्रकाश जसरी चम्किरहेको छ त्यसरी नै चम्काइरहनु पर्छ भन्नुभयो।

तालिम युनिटका तर्फबाट रमेश पौड्यालले आफूले सिकेका, जानेका ज्ञानलाई निरक्षर जनताबीच सहभागी शिक्षकहरूले पुऱ्याउनु हुने नै छ भन्ने विश्वास व्यक्त गर्दै तालिम अवधिमा आयोजक तथा प्रशिक्षकबाट हुन गएका कमी कमजोरीप्रति क्षमा माग्नु भयो।

मध्यमाञ्चल क्षेत्रीय संयोजक इन्दिरा फुयाँलले यस तालिमको उद्देश्यलाई सहभागीहरूले सार्थक पार्नु हुनेछ भन्दै मानवअधिकार शिक्षा तथा साक्षरता अभियान संचालन गर्दा आउने समस्याहरूसंग सहभागीहरूसँगै मिलेर समाधान गर्दै यस अभियानलाई सफल पार्ने विश्वास व्यक्त गर्नु भयो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत ०४९ सालदेखि नै एउटा अभियानको थालनी गरेको छ र त्यो टुंगिएको छैन र तुरून्तै टुंगिनेवाला पनि छैन भन्दै इन्सेकका प्रकाशन शाखा प्रमुख नरनाथ लुइँटेलले भन्नुभयो- त्यो अभियान भनेको ग्रामीण क्षेत्रमा रहेका असचेत, असंगठित र निरक्षर समुदायको बीचमा साक्षरताको माध्यमबाट मानवअधिकार शिक्षा तथा संचेतना प्रदान गर्ने यो अभियानको पछिल्लो कडीको रूपमा मध्यमाञ्चल क्षेत्र अन्तर्गत यो तालिम भर्खरै सम्पन्न हुन गइरहेको छ। तसर्थ यस तालिमबाट सिकेका सीप र ज्ञानलाई आफ्नो कर्यथालोमा लगेर तपाई सहभागी शिक्षकहरूबाट कसरी प्रयोग हुन्छ त्यसबाट नै इन्सेक अभियानको सफलताको निक्यौंल हुन्छ। यस कारण तपाईहरूको कार्यसफलता नै इन्सेकको उद्देश्यको परिपूर्तिको परिचायक पनि हो यस दिशातर्फ अत्यन्त जाँगरिलो बनेर लाग्नु हुनेछ। त्यसरी लाग्ने क्रममा तपाईहरूलाई सफलता मिलोस् भन्ने कामना व्यक्त गर्नुभयो।

इन्सेकले आफ्नो काम गर्ने क्रममा के थाहा पायो भने जबसम्म हामीले जनतालाई न्यूनतम आधारभूत रूपमा शैक्षिक हिसाबले उत्पीडित जनताका बीचमा साक्षरता अभियानलाई संचालन गर्न सक्दैनौ तबसम्म प्रजातन्त्रको कुरा शोषण रहित समाजको कुरा न्याय विरूद्धको कुरा व्यर्थ हुन्छ। त्यहाँ मानवअधिकार अभियान सफल नहुने रहेछ भन्ने हाम्रो अनुभवबाटै हामी यस साक्षरता अभियानमा जुटेका हौं भन्दै इन्सेक कार्यक्रम संयोजक देविका निमिल्सनाले भन्नुभयो- मानव अधिकारको आन्दोलनलाई अघि बढाउन राजनमार्ग साबित होस् भन्ने हेतुले नै हामीले यो मानवअधिकार शिक्षक तालिम मार्फत साक्षरता अभियान कक्षा संचालन गरेका हौं।

अन्तमा समापन समारोहका सभापति कामचन्द्र शाहले सबै सहभागी, आयोजक, प्रशिक्षकहरूलाई धन्यवाद दिँदै सभा विसर्जन गर्नु भयो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयले आयोजना गरेको मानव अधिकार शिक्षा शिक्षक तालिमका सहभागीहरूसंग तालिमको उपलब्धी र इन्सेकको मानव अधिकार आन्दोलनका सम्बन्धमा केही सहभागीहरूसंग हामीले कुराकानी गरेका थियौं। त्यही कुराकानीका मुख्य अंशहरूलाई यहां प्रस्तुत गरिएको छ ।

सावित्री घिमिरे
बाराम्ची गाविस-२, सिन्धुपाल्चोक

इन्सेकले संचालन गरेको यो तालिमले मानवअधिकार शिक्षाको बारेमा केही थाहा नपाएका हामीहरूलाई धेरै कुरा सिकाएको र सिक्न सहयोग गरेको छ। अशिक्षित र अन्धकारमा रूमलिएका महिला दिदी वहिनीहरूलाई कसरी शिक्षित बनाउने भन्ने कुरा सिकाएको हामीले सिकेका छौं। साँचो अर्थमा हामी महिलाहरूको मनोबल बढाउन यो तालिम अत्यन्त उपयोगी सिद्ध भएको मैले पाएको छु। जिल्ला फर्किएर धेरै काम कुरा गर्न सकिने हौसला बढेको छ। स्वासगरी मानवअधिकारका विविध विषयमा अशिक्षितहरूलाई चेतना दिन सकिने आत्मबल बढेको छ। मूलतः तालिमबाट फर्कीएपछि मैले गर्नु पर्ने काम, क्षेत्र र मेरो भूमिकाका सम्बन्धमा तालिमले मलाई प्रष्ट गराउँदै एउटा बाटो देखाएको अनुभव मैले गरेको छु।

अनिता उप्रेती
चितवन

इन्सेकले आयोजना गरेको यो मानव अधिकार शिक्षक तालिममा मैले नजाने र नबुझेका धेरै व्यवहारिक कुराहरू सिक्न पाएँ। नसुनेका कतिपय विषय र कुराहरूका सम्बन्धमा सरल ढंगले बुझ्ने, जान्ने अवसर पाएकी छु। यसका साथै मानवअधिकारको बारेमा नयाँ र थप जानकारी भएको छ। सिकेका कुरालाई कसरी व्यवहारमा उतार्ने, कसरी सिकाउने भन्ने विषयमा यहाँ तालिम दिने प्रशिक्षकहरूले हामीलाई धेरै नै सिकाउनु भयो।

यसका साथै मानवअधिकारको क्षेत्र भएको र अधिकार जान्न, बुझ्न र लिनको लागि शिक्षाको अझै जरूरत पर्दो रहेछ भन्ने विचारलाई अझ मूर्तरूपमा अनुभव गर्न पाएँ। साथै मानवअधिकारका नबुझेका कतिपय विषयहरू र आफूलाई अस्पष्ट लागेका यस क्षेत्रका विविध विषयहरूमा सिक्ने, बुझ्ने र जान्ने मौका पनि मैले पाएकी छु।

गोपीकृष्ण पाठक
कोशीदेखा गाविस-१, काभ्रे



यस्ता तालिमहरूको उपयोगिता र फाइदा कति छ भनेर सोच्नु भन्दा पनि यस्ता कार्यक्रम र तालिमहरू इन्सेकले गाउँ गाउँमा दिन सकेमा मानव अधिकारको आन्दोलन अझ माथि उठ्ने थियो भन्ने मलाई लागेको छ। अहिले हाम्रा गाउँघरका मानिसहरू धेरै नै अशिक्षित छन्, त्यही कारणले गाउँमा मानवअधिकारका कुरा बुझ्ने मानिसहरू पनि अत्यन्त कम छन्। हुन त यहाँ आएपछि थाहा भयो हामीले पनि अति थोरै कुरा मात्र बुझेका रहेछौं। अहिले जुन यो मानवअधिकार शिक्षक तालिममा प्राप्त गरेको प्रकाश पुस्तकबाट हामीले सजिलो ढंगले मानिसलाई शिक्षा दिने कुरा समेत यो तालिमले हामीलाई सिकाएको छ। साथै म केही सुझाव पनि दिन चाहान्छु- इन्सेकका मानवअधिकारवादी कार्यकर्ता र जनताको बीचको सम्बन्ध निष्पक्ष र सफा भएमा यो आन्दोलन अझै अगाडि बढ्ने छ भन्ने मलाई लागेको छ।

रामचन्द्र साह
धनुषा

हामी पिछडिएका जनजातिमा पर्छौं। हामी जस्ता जनजातिहरूलाई समेत इन्सेकको यो मानव अधिकार शिक्षक तालिमका सहभागी बनाएकोमा यहाँका सबै साथीहरूलाई म धन्यवाद दिन चाहन्छु। मलाई के लाग्छ भने- हामीले सिकेका कुरा गाउँमा गाएर लागु गर्न सके, व्यवहारमा उतार्न सके यो तालिमको उपयोगिता बढ्ने थियो। तसर्थ हामी सबै जातिका मानिसहरूले छुवाछूतको कुनै पनि भेदभाव नराखी यहाँ सिकेका कुराहरू गाउँमा सिकाउन सकेमा राम्रो हुने छ। स्वासगरी हाम्रो तराइको ग्रामीण क्षेत्रमा विभिन्न जनजातिहरू छन्। जस्तो कि चमार, डोम, मुसर आदि जातिहरू बसोबास गर्ने गाउँमा इन्सेक जस्तो संस्थाले यस्ता तालिम र मानवअधिकारका कुराहरू लैजाने हो भने अझ राम्रो हुने थियो भन्ने मलाई लागेको छ।

सुधामा राम
हतपतगन्ज, पर्सा

इन्सेकले संचालन गरेको यो "मानवअधिकार शिक्षक तालिम" बाट म लगायत मानवअधिकार शिक्षाको बारेमा केही थाहा नपाएका हामी सबैलाई धेरै कुरा

सिकाएको र सिकनलाई आत्मबल बढाएको छ। नसर्थ म जस्तो हरिजन जातिको मानिसले मानव अधिकार शिक्षाको महत्व र उपयोगिताका थप विषयहरू बुझ्ने मौका पाएको छु। मूलतः जो स्कूल गएर अध्ययन गर्न पाएका छैन, जसले पुस्तक र पत्रपत्रिका पढ्न पाउँदैन र सक्दैनन् तिनीहरूको बीचमा गएर काम गर्नको लागि हामीलाई यो तालिमले सजिलो बनाएको छ। यतिखेर मलाई यो नौ दिनसम्मको कार्यक्रम लामो र अल्छि लाग्दो पटक्कै लागेको छैन। किनभने प्रत्येक दिन जसो हामीले यहाँ फरक-फरक कुराहरू सिकिरहेका र जानिरहेका छौं। यस्ता कार्यक्रमहरू हाम्रा गाउँघरमा आएर इन्सेकले गरोस् भन्ने म चाहान्छु।

खेमराज तामाङ
फिग्री गाविस-४, नुवाकोट

म निम्नमाध्यमिक विद्यालयको शिक्षक हुँ। त्यसैले यो मानव अधिकार शिक्षक तालिम मलाई अत्यन्त उपयोगी र ज्ञानवर्द्धक लागेको छ। आजसम्म मैले जानेका, बुझेका र मानव अधिकारवादी संस्थाहरूले दिएको ज्ञान स्कूलमा समेत राम्रोसंग सिकाउँदै आएको छु। अहिले मैले यो तालिमबाट थप अरू कुराहरू पनि सिकेको छु। हामीलाई यहाँ तालिम दिने व्यक्तिहरू निकै दक्ष हुनुहुन्छ नसर्थ मेरो एउटा सुझाव उहाँहरूलाई के छ भने- हामीले सिकेका कुरा गाउँमा गएर गर्न सकेको नसकेको, व्यवहारमा लागु गर्न सके नसकेको बेलावखत निरीक्षण गरेमा हामीलाई राम्रो हुने थियो। साथै काम गर्दै जाने दौरानमा भएका गल्ती र कमजोरी पनि हामीलाई थाहा हुने थियो। यस्ता तालिम, गोष्ठीहरूमा पछि-पछि पनि हामीलाई इन्सेक सहभागी गराओस् भन्ने चाहना मेरो छ।

सरस्वती रानाभाट
सन्तपुर-९

इन्सेकले संचालन गरेको यो मानव अधिकार शिक्षा शिक्षक तालिम अत्यन्त रमाइलो संग हामीले नजानेका कुरा जान्दै र बुझ्दै बिनिरहेको छ। सिक्ने र सिकाउने तौरतारिका मैले नयाँ ढंगले बुझ्दै छु। मानवअधिकार र मानवअधिकार आन्दोलनको विशाल क्षेत्रलाई मैले थप बुझ्ने मौका पाएकी छु।

यहाँ सिकेका कुराहरू गाउँमा गएर सिकाउन सक्दछु भन्ने आत्मविश्वास ममा जागेको छ। हामीलाई दिएको प्रकाश पुस्तक अत्यन्त उपयोगी र सरल ढंगले यस पुस्तकले धेरै कुरा सिकाएको छ। इन्सेकले आगामी दिनमा संचालन गर्ने यस्ता कार्यक्रमहरूमा पछि पनि भाग लिन पाए, अझ थप कुरा सिक्न पाइन्थ्यो भन्ने मलाई लागेको छ।

राधा सापकोटा
बच्छनपुर-४, बारा

मैले केही समयदेखि हाम्रा गाउँघरमा प्रौढ शिक्षा कार्यक्रम संचालन गर्दै, अशिक्षित ग्रामीण महिलाहरूलाई शिक्षा दिदै आएकी छु। यसर्थ पनि इन्सेकले संचालन गरेको यो मानवअधिकार शिक्षक तालिम हामी जस्ता प्रौढ शिक्षा संचालन गर्नेको लागि अति नै उपयोगी भएको छ। यस तालिमबाट गाउँघरका अशिक्षित महिलाका साथै अन्यलाई समेत कसरी चेतनशील बनाउने, कसरी सिकाउने र बुझाउने भन्ने कुरा मैले यस तालिमबाट सिकेकी छु। यो तालिमबाट हामीले केही सिक, जान र बुझ अनि सिकाउ भन्ने शिक्षा पाएका छौं। मानवअधिकारका यस्ता आवाज र कुरा लिएर इन्सेक संस्था हाम्रो टोलटोलमा, गाउँ-गाउँमा, देशका कुना काप्चाहरूमा समेत पुग्न सक्यो भने मानिसहरूमा केही चेतना बढ्ने थियो भन्ने मलाई लागेको छ।

कृष्णबहादुर घले
भोर्ले गाविस-१, रसुवा

इन्सेकको आयोजनामा भएको मानवअधिकार शिक्षक तालिमबाट मैले ग्रामीण इलाकामा खास गरी शिक्षाको अन्धकारले थिचेका वस्तीहरूमा मानवअधिकार शिक्षा कसरी दिने, कसरी पढाउने भन्ने सम्बन्धमा सिकेको छु। हाम्रा गाउँ घरका दाजुभाइहरूले अधिकार भनेको के हो? पढ्न पाउनु, लेख्न पाउनु भन्ने कुरा हाम्रो मौलिक अधिकार हो भन्ने कुरा बुझेका छैनन्। यिनै कुराहरू कसरी उहाँहरूलाई बुझाउने भन्ने सम्बन्धमा मैले यो तालिमबाट थप कुरा सिकेको छु। साथै मलाई एक प्रकारले आत्मविश्वास र गौरव पनि लागेको छ। किनभने यस्ता तालिमबाट केही कुरा हामीले सिक्ने र नपढेका र नबुझेकालाई सिकाउने दायित्व हाम्रो पनि हो भन्ने मैले बुझें। यस कार्यक्रममा मैले मानवअधिकारका विविध पुस्तक र पत्रपत्रिका पाउने आशा गरेको थिए तर पाउन सकिएन। आगामी दिनमा यस्ता कार्यक्रममा उपयोगी पुस्तक दिइयोस् भन्ने चाहान्छु।

कल्याणी के.सी.
लाकुडाडा-२, दोलखा

यस कार्यक्रमबाट सर्वप्रथम मैले

प्रकाश पुस्तकको औचित्य र उपयोगिताका सम्बन्धमा थप कुराहरू जान्ने र बुझ्ने अवसर पाएँ। साथै विभिन्न जिल्ला र क्षेत्रबाट आउनु भएका साथीहरूसंगको परिचय र उहाँहरूको अनुभवले पनि मानव अधिकार शिक्षाका सम्बन्धमा थप उपलब्धी हासिल गरें। यसका साथै, शैक्षिकअधिकार, महिला अधिकार, बालअधिकारका सम्बन्धमा बुझ्ने र जान्ने अवसर प्राप्त भयो।

मानवअधिकार भन्ने शब्द सुनेको मात्र थिएँ राम्रोसंग बुझ्न र जान्न पाएको थिइन तर यस कार्यक्रमबाट धेरै कुरा बुझें। हाम्रो गाउँ घरमा यहाँ सिकेको कुरा लागु गर्न गाह्रो छ। किनभने धेरै मानिसहरूलाई मानवअधिकारको सम्बन्धमा चेतना र थोरै मात्रामा पनि थाहा छैन। तसर्थ यस्ता तालिमहरू वेलाबखत हाम्रा गाउँ घरमा पनि होस् भन्ने मलाई लागेको छ।

नेपालगञ्ज

मानवअधिकार शिक्षा शिक्षक तालिम मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय इन्सेकको आयोजनामा ०५५ साउन १४ देखि २२ गते नौदिनसम्म सञ्चालन भएर सम्पन्न भयो। तालिममा इन्सेकद्वारा संचालित साक्षरता तथा सचेतन कक्षा संचालन गर्ने शिक्षक, शिक्षीका र इन्सेक आबद्ध संस्थाका एक-एक जना प्रतिनिधिहरूले भाग लिनु भएको थियो।

तालिमका सहभागीहरूमा दाङ्ग, बाँके, बर्दिया, सल्यान, रोल्पा र जुम्ला ६ जिल्लाका ६ जना महिला र ३६ जना पुरूष सहित जम्मा ४२ जनाले भाग लिनु भएको थियो। तालिमका सहभागीहरूलाई चित्र निरौला, सूर्यप्रकाश भट्टराई, सुशील चौधरी, श्रुती रेग्मी र देवी बास्कोटाले मानव अधिकार शिक्षा र प्रकाश पुस्तकका बारेमा तालिम दिनु भएको थियो। ●

रेडीयो श्रोता क्लव

ललितपुर

श्री सरस्वती मानवअधिकार रेडीयो श्रोता क्लब, लेले ललितपुरले प्रकाश काफ्लेको स्मृति दिवसका अवसरमा साउन १५ गते नि. मा. वि. स्तरीय वक्तृत्वकला प्रतियोगितको आयोजना गरेको थियो। तीन स्कूलका ८ जना विद्यार्थीहरूले उक्त कार्यक्रममा भाग लिएका थिए। बक्तृत्वकला प्रतियोगितामा गंगा जमुना बोर्डिङ्ग स्कूलका बालकृष्ण सिग्देल प्रथम, गंगा जमुना बोर्डिङ्ग स्कूलकी रन्जु सिलवाल द्वितीय र अमरक्रान्ति इङ्गिलस स्कूलका राजेश श्रेष्ठ तृतीय भएका थिए। पहिला, दोस्रा र तेस्रा हुन विद्यार्थीहरू लगायत, सम्पूर्ण सहभागी विद्यार्थीहरूलाई इन्सेकका प्रकाशनहरू वितरण गरिएको थियो। सरस्वती मा. वि.का शिक्षक माधव रिजालको सभापतित्वमा भएको उक्त कार्यक्रममा इन्सेक बालबालिका कार्यक्रम प्रमुख कविता अर्याल र इन्सेक जिल्ला प्रतिनिधि जीवन्त वाग्लेको उपस्थिति रहेको थियो।

त्यस्तै गरेर मानवअधिकार रेडीयो श्रोता क्लबहरूको प्रथम राष्ट्रिय सम्मेलनले गठन गरेको राष्ट्रिय तदर्थ समितिको बैठक भदौ ४ गते इन्सेक कार्यलयमा बस्दैछ। ●

पाठक मञ्च

श्रीमान् संयोजकज्यू,

तपाईले प्रकाशन गर्नु भएको ०५४ चैतको इन्सेक अभियान नामक पत्रिका साथीहरूवाट मागेर पढ्दा यस पत्रिकामा राम्रा-राम्रा समाचारहरू छापिएका पाएँ। यसरी मलाई यस्ता समाचारहरू बुझ्न, सिक्न धेरै उत्सुकता जागेको छ।

त्यसैले यस पत्रिकाको ग्राहक बन्नको लागि के कस्ता प्रयास गर्नु पर्दछन् सो कुराको रेडीयो मार्फत अथवा पत्रिका मार्फत जवाफ दिन हुन अनुरोध छ।

- विरेन्द्र सिंह धामी
मालिकार्जुन-८, प्रेमनगर
दार्चुला

(वीरेन्द्रजी ! तपाईले दार्चुला स्थित इन्सेक आबद्ध संस्था "अपि सामुदायिक विकास केन्द्र" मा सम्पर्क राखी इन्सेक अभियान प्राप्त गर्न सक्नु हुनेछ ।)

मुलुकको मानवअधिकार स्थिति बारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानवअधिकार वर्ष पुस्तक
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानून
- मानवअधिकार घोषणापत्र सचित्र
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थिति सूचक त्रैमासिक

लगायत अन्य सामयिक प्रकाशनहरु खोजी-खोजी पढौं ।

पारदर्शीपन नै इन्सेकको सफलताको कडी हो

- कृष्ण उपाध्याय
कार्यक्रम निर्देशक

० इन्सेकले के कस्ता कार्यक्रमहरू संचालन गर्दै आएको छ र तिनीहरूको प्रभावकारिताको बारेमा केही बताइ दिनु हुन्छ कि ?

- छोटो रूपमा भन्नु पर्दा इन्सेकले मानवअधिकार सम्बन्धी कार्यक्रम गर्दछ। मानवअधिकार भनेको जनता र राज्य बीचको अन्तरसम्बन्धको नाम हो। यो अन्तरसम्बन्ध (व्यक्ति वा समुहको) नागरिकहरूको हितमा छैन र यसले उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनैतिक जीवनमा प्रतिकुल असर पारेको छ भने यस्ता विषयहरू मानवअधिकार विषयवस्तु बन्दछन्। हामी हाम्रा कार्यक्रमहरू मार्फत यिनै विषयवस्तुलाई समेट्ने कोसिस गरिरहेका छौं। एउटा नागरिक समाजको सृजना गर्न हामीले सक्दो गरिरहेका छौं। नागरिक समाज सृजना गर्ने भनेको स्वा ी गैरसरकारी क्षेत्रको वृद्धि होइन, यो र नागरिकहरूले आफ्ना अभिमत अनुसार आफ्ना माग र आवश्यकता परिपूर्ति गर्न चाहिने (साँचो अर्थमा) प्रजातान्त्रिक वातावरण (र खेल्न सक्ने ठाउँ) हो। यसको लागि चेतनाको आवश्यकता हुन्छ, चेतनामा प्रतिबिम्बित भएका चित्रहरूलाई व्यवहारिकतामा उतार्ने साहस र लगनशीलताको आवश्यकता पर्दछ। यसको माध्यम जनताका संगठन मात्र हुन सक्दछन्। (चेतनाले मात्र संगठन निर्माण गर्दछ, संगठन चेतनाको उच्चतम रूप हो) यसै कारणले हामीले इन्सेकमा "अनुसन्धान, कार्यवाही, संगठन" को कार्यशैलीलाई विकसित गरेका छौं। हाम्रा कार्यक्रमहरू जनताहरूलाई संगठित गर्ने ध्येयबाट अभिप्रेरित छन्। सचेत संगठनले आफ्ना समुदायका समस्या स्वतन्त्र रूपले नै समाधान गर्न पहल गर्न सक्दछन् भन्ने हामीलाई लागेको छ।

जहाँसम्म के के कार्यक्रम संचालित छन् भन्ने प्रश्न छ, यो इन्सेकका "क्षेत्र र सीमा" को चर्चा नगर्दा सान्दर्भिक नहोला जस्तो लाग्छ। इन्सेकले आयोजना गरेको मानवअधिकार सम्मेलनको "काठमाडौं घोषणा पत्रले" मानवअधिकारका क्षेत्रमा चार प्रमुख समस्या रहेको तथ्य औंल्याएको छ। ती हुन्- विभेद, शोषण, दण्डहीनता तथा अन्तर्गष्ट्रिय पूँजी। यसै घोषणापत्रले "हाम्रा आगामी कार्यभार" को रूपमा १७ बुँदे काममा क्षेत्रहरू तोकेको छ। यी कामहरू भनेको माथिका चार समस्याहरूको निदानका रूपमा आएका छन् र यी कामहरू व्यक्ति, समुदाय र राज्यका क्षेत्रमा पर्ने कामहरू हुन्। यी "हाम्रा आगामी कार्यभार" हरू नै इन्सेकका कामका "क्षेत्र" हरू हुन्।

तर मैले अघि नै निवेदन गरें कि हाम्रा सीमाहरू छन्। ती सीमाहरू निर्धारण गर्ने कारक तत्व भनेको मानवीय स्रोतको कमी, आर्थिक स्रोतको कमी, वैधानिक सीमितता आदि नै हुन्। यसकारण हामीले यी सबै पक्षलाई विचार गरेर प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्दै मानवअधिकार सम्मेलनले निर्देशन गरेका कामलाई तीन फरक-फरक रणनीतिका आधारमा सम्पन्न गर्ने नीति बनाएका छौं। ती हुन्- प्राथमिकताका क्षेत्रमा पारिएका कामहरू आफै गर्ने, अन्यकाम अरू संस्थाहरूको संयुक्त प्रयास (coalition) मा गर्ने र यी दुवै तरिकाबाट गर्न नसकिएका कामहरूमा जनताका माग अनुरूप अन्य संस्थाहरूलाई आमन्त्रण गर्ने।

अब हामी आफै के गर्दैछौ त? हामी अहिले विभिन्न सवालमा चेतना अभिवृद्धिको काम गर्दैछौं, सूचना संकलन र संप्रेषणको काम गर्दैछौं, पाठ्यपुस्तक विकासका काम गर्दैछौं, विभिन्न तहको तालिमका जनशक्ति निर्माण गर्दैछौं, सरकारसंग मिलेर र भिडेर समन्वय गर्दैछौं र मुलुकमै नभएको राम्रो मानवअधिकार स्रोत केन्द्रको विकास गर्दै अनुसन्धानको कामलाई सहज तुल्याउँदै छौं। यी सबै कामहरू इन्सेकका विभिन्न कार्यक्रमहरूका सहयोगी काम हुन्। यी कामहरू हाम्रा आयोजनाहरूका संचालनार्थ चाहिने आधारभूत काम हुन्। हामीले सन् २००१ सम्म तय गरेका आयोजनाहरूमा (१) ग्रामीण तहमा मानवअधिकार शिक्षा (हाल ५६ जिल्ला), (२) मानवअधिकार रेडीयो कार्यक्रम (३) कमैया मुक्ति अभियान (४) कमैया बालबालिका कार्यक्रम (५) महिला कार्यक्रम (६) बाल सहभागिता (विद्यालय कार्यक्रम २०० विद्यालयमा) (७) कृषि मजदूर कार्यक्रम (पूर्वी तराईका जिल्लाहरूमा) (८) छुवाछूत विरोधी कार्यक्रम आदि। यी कार्यक्रमहरूको संचालन आफैमा एउटा जटिल प्रक्रिया हो र नियमित अनुगमन र पुनर्योजना जतिखेर पनि आउन सक्ने थप श्रमभार हुन्।

० अनि यी कार्यक्रमहरूको असर कस्तो छ नि ?

- केलाई असर मान्ने, कसरी न्यसको आंकलन गर्ने, संख्यालाई मात्र हेर्ने कि प्रभावलाई पनि हेर्ने भन्ने पक्षहरू हाम्रा कार्यक्रमहरूको मूल्यांकनमा आउने समस्या हुन्।

पोहोरकै मात्र कुरा हो, संसदमा ल्याउन खोजेको विधेयकको बारेमा इन्सेकले गरेको राष्ट्रव्यापी अभियानकै कारण संसदमा यो आउनबाट बच्यो। यसका प्रबल पक्षधरहरू अहिले यसका विपक्षमा देखिएका छन्। महिलाहरूको राजनैतिक सहभागिताको पक्षमा धेरैले आवाज उठाएका थिए, तर इन्सेकले आयोजना गरेको राष्ट्रिय महिला भेलाको सुझाव सरकारले महिलाहरूको निम्ति गरेको अनिवार्य उम्मेदवारी सम्बन्धी

अध्यादेशको निम्ति निर्णायक बन्यो।

यसैगरी कर्मेया सम्बन्धी विषयको उठान र राष्ट्रिय राजनैतिक मुद्दा बनाउने काममा इन्सेकका कार्यक्रमको योगदान उल्लेखनीय छ।

यी त भए नीतिगत तहमा पारेका असरका केही नमुनाहरू। जनस्तरमा यसको भिन्दै रूप छ। जनस्तरको रक्सी विरोधी आन्दोलनमा होस्, पारिवारिक हिंसाको विरूद्धमा होस् वा सवंदलीय निर्णयद्वारा कृषि श्रमिकहरूको ज्याला सम्बन्धी आन्दोलनमा वन्देज लगाउने कामका विरूद्ध होस् इन्सेक कार्यक्रममा सहभागी जनताहरूको नेतृत्व जहिले पनि रहिआएको छ र यसको असर समाजले स्थानीय रूपमा अनुभूत गर्न सकेको छ।

यी त केही उदाहारण भए अन्य सबै सूचकको लागि यहाँ अहिले उल्लेख्य गर्न सकिदैन। पछि अन्य कुनै अवसरमा गर्नेला।

० कार्यक्रम संचालनमा देखा परेका वा पर्ने गरेका समस्या तथा कठिनाइ के-के हुन् ?

- इन्सेकका कार्यक्रम संचालन गर्दा अप्ठ्यारो र सजिलो मात्र छैनन्। एक खालको आनन्द पनि छ। हामीसंग भएका पुस्तकपन्थी सबै घमण्डहरू चुर-चुर हुन्छन्। "विद्वान" हरूले जनतासंग भएका ज्ञानहरूको उपयोग गरेनन् भने आयोजनाहरू असफल हुन्छन् भन्ने कुरा व्यवहारिक रूपमा नै सिक्न सकिन्छ। "जनतावाट सिक" भन्ने उक्तिलाई नजम्फने हो भने कार्यक्रम संचालन गर्नु श्रम र स्रोत खेर फाल्नु मात्र हुँदो रहेछ। कोठामा बसेर बनाइएका योजनाहरू जनता बीचमा सफल हुँदा रहेनछन्।

हामीमा पनि कहिलेकाँही पुस्तकपन्थी विचार आउँछ। मानवअधिकारलाई कानूनका धाराका रूपमा बुझ्ने मात्र प्रयत्न भयो, मानवअधिकारका अन्तर्राष्ट्रिय अनुवन्धलाई विद्वताको विषयवस्तु मात्र बनाइयो भने मानवअधिकार जनताको घरदैलोसम्म पुग्न सक्दैन। मानवअधिकारका अनुवन्धहरूलाई अंग्रेजीवाट नेपालीमा अनुवाद गर्न त सजिलो छ तर अनुवन्धहरूलाई जनस्तरीय आयोजनामा अनुवाद गर्न साँच्चिकै गाहारो छ। इन्सेकभित्र कार्यक्रम योजनामा देखिने सवैभन्दा ठूलो चुनौति नै हो यो।

अरू अप्ठ्याराहरूका वारेमा भन्नु पर्दा अझै पनि हामीलाई चाहिए जति मात्रामा सक्षम टोली निर्माण गर्न सकेका छैनौं। तेस्रो तहमा अझै पनि आयोजना तर्जुमा, कार्यान्वयन, मूल्यांकन तथा पुनर्योजनाका काममा हाम्रा साथीहरूलाई प्रशिक्षित गर्नु पर्ने आवश्यकता छ। यसले वेला वखतमा हामीलाई अप्ठ्यारो पारेको छ। तेस्रो कुरा, केही वाहिरी अवरोधहरू पनि छन्। हाम्रा कार्यकर्ताहरू यो वा त्यो राजनैतिक पृष्ठभूमिवाट आएका हुनाले कहिलेकाँही कार्यक्रमलाई राजनैतिक रूपले परिभाषित गर्ने र लाभ लिन नसके कार्यक्रमका वारेमा जनमानसमा भ्रम फैलाउने प्रयत्न पनि हुन्छन्। तर यस्तो अवस्थाले तनाव भन्दा पनि संवादको स्थिति ल्याएका छन्। कहिले काँही अलिकति समय खर्चिनु परेको छ।

० इन्सेकले संचालन गर्ने गरेका विगत र वर्तमानका कार्यक्रमहरूको समीक्षा गर्नुपर्दा तपाई कसरी गर्नु हुन्छ ?

- इन्सेका वर्तमान कार्यक्रमहरू विगत भन्दा परिमार्जित छन्, वढी जनतामा पुगेका छन्, जनतासंग संवादको सृजना गर्ने खालका छन्। हाल आएर इन्सेकका कार्यक्रमहरूको प्रक्रिया अरू संस्थाहरूले पनि लिन थालेका छन्, यो निकै प्रेरणादायी स्थिति हो।

० अहिले इन्सेकलाई वदनाम गर्ने खोज्नेहरू इन्सेकका गतिविधि र कार्यक्रम निष्पक्ष नभएको आरोप लगाइरहेका छन्। के साँच्चै त्यस्तो हो त?

- इन्सेकका वारेमा फैलाइएको भ्रमलाई देशको राजनैतिक तरलतासंग गाँसेर हेर्नु पर्दछ। अहिलेको राजनीतिमा स्थायित्व पाएको मुलतत्व अस्थायित्व मात्र हो। यहाँ हतियार बन्द राजनैतिक कार्यवाही छ (आक्रमण-प्रत्याक्रमण छ), सरकारी कार्यवाही छ, (त्यसको विरोध छ/ समर्थन छ), पार्टीहरू सरकारमा जान उद्यत छन् (संसदको खिल्लापमा जनमत सृजनामा पनि लागेको छन्)। यस्तो अवस्थामा राज्यले आफ्नो चरित्रमा स्पष्टता ल्याएको छ (दमनकारी वनेको छ), राज्यका विभिन्न पार्टपुर्जाहरू प्रहरी, राजनैतिक पार्टी आदिले यो अवस्थामा आफ्नो गतिविधिको सान्दर्भिकता देखाउने प्रयास गरेका छन्। मानवअधिकारको दृष्टिकोण सहित इन्सेक यही वातावरणभित्र आफ्नो उपस्थित देखाई रहेको छ।

इन्सेकको विचार सबैको लागि उत्तिकै सुपाच्य छैन, धेरैको हित अनुकूल नहुन पनि सक्छ। यसैले इन्सेकको उपस्थितिमा सबैले आफ्नो स्वार्थ अनुरूपको जनमत सृजना गर्ने प्रयत्न गरे। उदाहरण पोहोरकै आतंककारी विधेयककै कुरा लियौं न। कुन अनुदारवादी तप्काले इन्सेकले त्यस विधेयकको विरोधमा आवाज उठाउँदा विरोध गरेन। सबै जसो पार्टीमा त्यस्ता मानिसहरू छन्, अन्य क्षेत्रमा छन्। अहिले कसै कसैले वोली फेरेका छन्। त्यसैले यो स्वार्थको खेल हो।

हामी मात्र हाम्रो धर्म निभाउँछौं, अरू आफ्नो। हामी काम गरिरहेका छौं। अरूले के भनिरहेका छन् भनेर काम विसाएर कालो मुख लगाउने फुर्सद पनि छैन।

० तपाई के-के कुरालाई इन्सेकको सफलताको कडीका रूपमा लिनु हुन्छ ?

- इन्सेकको सफलताका केही कारणहरू छन्। पहिलो त यसले आफ्नो दृष्टिकोण स्पष्ट गर्न सकेको छ। दोस्रो, यसको सवभन्दा ठूलो सफलताको कडी यसको पारदर्शिता हो। हेक्का रहोस् यो ठूलो ताकत पनि हो। तेस्रो र महत्वपूर्ण कडी भनेको यसले सृजना गरेको इमान्दार तथा व्यवसायिक कार्यकर्ता (professional activists) हरूको जमात हो।

के तपाईं मानवअधिकारप्रति रुची राख्नु हुन्छ ?

हरेक शनिवार विहान ८.३० बजे रेडियो नेपालबाट प्रशारण गरिने **मानवअधिकार शिक्षा कार्यक्रम** सुन्न नभुल्नुहोला ।

प्रकाश काफ्लेको स्मृतिमा

पोखरा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय पोखराको आयोजनामा ०५५ साउन १६ गते प्रकाश स्मृति दिवस सम्पन्न भयो। स्व. काफ्लेको छैठौं स्मृति दिवसका दिन उक्त कार्यक्रममा बालकल्याण समाज पोखराका महासचिव किरणदत्त तिवारीले १५ जना स्वातेहरूलाई लगाउने कपडा वितरण गर्नु भयो। सो कार्यक्रममा अधिवक्ता तिलक पराजुली, अधिवक्ता भूपनिधी पन्त, मासम कास्कीका अध्यक्ष नवदत्त ढुंगाना, सिविन पोखराका संयोजक कुमार भट्टराई, सिद्धार्थ युवा क्लवका अध्यक्ष सुरेश प्रसाद मर्सानी लगायतका वक्ताहरूले स्व. काफ्लेले मानवअधिकार आन्दोलनमा गर्नु भएको योगदानको बारेमा चर्चा गर्नु भएको थियो। उक्त कार्यक्रम इन्सेक क्षेत्रीय कार्यालयका संयोजक दीप सिलवालको सभापतित्वमा सम्पन्न भएको थियो।

राजविराज

मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको छैठौं स्मृति दिवसको अवसरमा हुसेकद्वारा आयोजित श्रद्धाञ्जली सभा स्थानीय महेन्द्र क्लवमा ०५५ साउन १६ गते सम्पन्न भयो। प्रमुख अतिथि ससापका अध्यक्ष वैद्यनाथ झाद्वारा नीनवटा मैनबत्ती बाली शुभारम्भ गरिएको सो सभामा इन्सेकका केन्द्रीय प्रतिनिधि राजनारायण नेपाली, नेकपा (माले) का प्रतिनिधि डा. ए.पी. यादव, प्रर्यावसंघका केन्द्रीय सदस्य हिरण्य गुप्ता, शिक्षक शिवराज भट्ट, महोत्तरी इन्सेकका प्रतिनिधि राजेन्द्र कोइराला र स्ववियु सभापति देवनारायण चौधरीले स्व. काफ्लेको योगदान बारेमा चर्चा गर्दै श्रद्धाञ्जली व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रम (हुसेक) का कार्यकारी सदस्य मनोहर पोखरेलको सभापतित्वमा सम्पन्न भएको थियो।

बारा

मानवअधिकार जागरण केन्द्र (हरेक) कलैयाको आयोजनामा ०५५ साउन १६ गते स्व. प्रकाश काफ्लेको छैठौं स्मृति दिवस जिल्ला न्यायाधिशको प्रमुख आतिथ्यमा जिविस हल कलैयामा सम्पन्न भयो। जिल्ला न्यायाधिस माननीय नारायणप्रसाद धिताल, जिविस उपसभापति बलवीर चौधरी, नेकपा (एमाले) प्रतिनिधि सुशील मुडवरी, नेकपा (माले) का प्रतिनिधि बसन्त नेपाल, राप्रपाका जिल्ला अध्यक्ष प्रयागराम यादव, सद्भावनाका शिव शंकर चौलागाई लगायत रामकृष्ण काफ्ले, नारायण प्रसाद देवकोटा, भीम स्वकुरेल, मुकुन्द आचार्य र इनल दास लगायतका वक्ताहरूले मानवअधिकार आन्दोलन र स्व. प्रकाशको योगदानको बारेमा कार्यक्रममा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रमको सभापतित्व (हुरेक) संस्थाका अध्यक्ष केशव प्रसाद चौधरीले र संचालन लोकनाथ प्रसादले गर्नु भएको थियो।

दाङ्ग

मानवअधिकार जागरण मंच दाङ्गको आयोजनामा ०५५ साउन १६ गते स्व. प्रकाश काफ्लेको छैठौं स्मृति दिवस त्रिभुवन नगरपालिका-२ मा विविध कार्यक्रम गरी सम्पन्न भयो। उक्त अवसरमा शहीद स्मारक घोषणा गरिएको स्थानमा वृक्षारोपण गर्नुका साथै गोष्ठी पनि गरिएको थियो। उक्त गोष्ठीमा अम्बिका गौतम, सानु नारायण अधिकारी, विष्णु पोखरेल र रामप्रसाद चौधरीले कार्यक्रमका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष भरतमणि ढकालले र संचालन मेटमणि चौधरीले गर्नु भएको थियो।

बर्दिया

मानवअधिकार सचेतन सक्रिय मंच (एफा) बर्दियाको आयोजनामा ०५५ साउन १६ गते छैठौं प्रकाश स्मृति दिवस कालिका गाविस-४ मुनाल वस्ती, १५ विगाह भन्ने ठाउँमा वृक्षारोपण कार्यक्रम गरी सम्पन्न भयो। उक्त कार्यक्रमको सभापतित्व संस्थाका उपाध्यक्ष एवं कानुन व्यवसायी रामचन्द्र शर्माले गर्नु भएको थियो भने स्वागत मन्तव्य संस्थाकी सदस्य एवं कार्यालय सचिव श्रीमती लक्ष्मी क्षेत्रीले गर्नु भएको थियो। मन्तव्य दिनेहरूमा वार्ड नं. ४ का अध्यक्ष श्रीकृष्ण थापा, वार्ड नं. छ वार्ड अध्यक्ष टिकाराम ढकाल, धर्म कुमारी गिरी, सरिता ढकाल र अन्नपूर्ण थपलियाले बोल्नु भएको थियो भने उक्त कार्यक्रमको संचालन संस्थाका कोषाध्यक्ष एवं वर्ष पुस्तक जिल्ला प्रतिनिधि डिल्लीराम अधिकारीले गर्नु भएको थियो।

रौतहट

मानवअधिकार चेतना केन्द्र, रौतहट र नुनथर विकास समितिको संयुक्त आयोजनामा साउन १६ गते पैराईको नुनथरमा स्व. प्रकाश काफ्ले स्मृति दिवस सम्पन्न भयो। कर्मैया गाविस अध्यक्ष शिवप्रसाद ढुंगानाको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा मानवअधिकार चेतना केन्द्र रौतहटका कोषाध्यक्ष गीता निमिल्सिना, इन्सेक जिल्ला प्रतिनिधि लक्ष्मण रेग्मी, एमालेका सुवि कार्की, गाविस अध्यक्ष पद्मबहादुर आले, उपाध्यक्ष कृष्णदेव लामिछाने, ने.का.का जनकलाल दाहाल, नुनथर विकास समितिका सदस्य हरिबहादुर कटुवाल लगायतका वक्ताहरूले स्व. प्रकाश काफ्लेको योगदान र

रौतहटमा आयोजित प्रकाश स्मृति दि समारोह

मानवअधिकारको विषयमा प्रकाश पार्नु भएको थियो। कार्यक्रमको संचालन विपिन प्रसाद गौतमले गर्नु भएको थियो। स्मृति सभा पछि नुनथरको धार्मिक स्थलमा करीव ३ सय वटा विभिन्न जातका विरूवाहरू वृक्षारोपण गरिनुका साथै सो स्थललाई प्रकाश स्मृति नुनथर पर्यटनस्थलको घोषणा गरिएको थियो।

कञ्चनपुर

मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र कंचनपुरको आयोजनामा ०५५ साउन १६ गते छैठो प्रकाश स्मृति दिवस महेन्द्रनगर मा.वि. महेन्द्रनगरको हातामित्र वृक्षारोपण गरी श्रद्धाञ्जली सभा सम्पन्न गरिएको थियो। उक्त दिन विभिन्न जातका १५० बोट विरूवा रोपिएका थिए। वृक्षारोपण पछि सम्पन्न श्रद्धाञ्जली सभामा विभिन्न वक्ताहरूले स्व. प्रकाश काफ्लेको योगदानका बारेमा चर्चा गर्नु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि जिविस उपसभापति राजेन्द्रसिंह रावल हुनुहुन्थ्यो। एम.एल. भूसालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन मानदेव रानाले गर्नु भएको थियो।

सचेतन भेला

अछाम

समाज विकास तथा सचेतन केन्द्र अछामको आयोजनामा ०५५ जेठ १९ गते बाबला-५, जेठ २१ गते विरपथ गाविसमा र जेठ ३१ गते देविस्थान गाविसमा सचेतन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा क्रमशः १५, २७ र १३ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा जातीय छुवाछूत, उत्पीडित जातिका समस्या तथा नेपाल अधिराज्यको संविधान ०४७, र मानवअधिकार विषयहरूको बारेमा चर्चा गरिएको थियो।

डडेल्धुरा

हरमस, डडेलधुराको आयोजनामा ०५५ जेठ ८ गते मुल्कुडामा, ७ गते अजयमेरू गाविस भवनमा जेठ २६ गते वागचौरमा सचेतन कार्यक्रम सम्पन्न भयो।

सर्लाही जिल्लाको जुटपानी गाविसमा आयोजित सचेतन भेला

उक्त कार्यक्रममा क्रमशः २५, २३ र ४१ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकारको वर्तमान अवस्था, संवैधानिक अधिकार, हामी र हाम्रो अधिकारका विषयमा चर्चा गरिएको थियो।

डोटी

मानवअधिकार तथा जनसेवा केन्द्र डोटीको आयोजनामा ०५५ जेठ ३ गते श्रीगाउँमा, ५ गते कुमालीकोटमा र २४ गते डुम्राकोट गाविसमा सचेतन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा क्रमशः २१, २६ र २७ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा जातीय भेदभाव, महिला अधिकार र मानवअधिकारको रक्षा विषयहरू आदिमा चर्चा गरिएको थियो।

बाँके

एफा, बाँकेको आयोजनामा ०५५ जेठ १८ गते खजुरा गाउँमा र २८ गते नेपालगञ्ज नगरपालिका-१६ मा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः २५ र २२ जनाको सहभागिता थियो। कार्यक्रममा असंगठित क्षेत्रका मजदुरहरूका अधिकार र बालमजदुर विषयको बारेमा चर्चा गरिएको थियो।

बर्दिया

एफा, बर्दियाको आयोजनामा ०५५ जेठ १९ गते मोतिपुर गाविस-२ मा २३ गते गुलरीया नगरपालिका-६ पण्डीतपुरमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ४४ र ३२ जनाको सहभागिता थियो। कार्यक्रममा "छोरीलाई अंश" र "छुवाछूत तथा जातीय विभेद र मानवअधिकार" विषयमा चर्चा गरिएको थियो।

दाङ्ग

मानवअधिकार जागरण मञ्च दाङ्गको आयोजनामा ०५५ जेठ २२ गते दिकपुर गाविसको कार्यालयमा र २३ गते मानपुर-८ मा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ३४ र २६ जनाको सहभागिता थियो। कार्यक्रममा "समाजमा महिला माथि गरिने भेदभाव र ग्रामीण इलाकामा मानवअधिकार" बारेमा प्रकाश पारिएको थियो।

त्यस्तै ०५५ जेठ १० गते सोनिपुर-९ मा, २५ गते विजौरीमा कमैया सचेतन भेला सम्पन्न भए। उक्त अवसरमा वर्तमान परिस्थिति र कमैया प्रथाको बारेमा चर्चा गरिएको थियो। कार्यक्रममा क्रमशः ५० र ३७ जनाको सहभागिता थियो।

गुल्मी

रेरे, गुल्मीको आयोजनामा ०५५ जेठ १३ गते मुसिकोटमा, १५ गते वडागाउँ मैदानमा र २३ गते दर्लामचौरमा सचेतन कार्यक्रम सम्पन्न भए। ती भेलाहरूमा क्रमशः २६, २९ र २५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा नेपालको संविधान र मानवअधिकार, राजनीतिमा महिला सहभागिताका साथै जातीय प्रथा र मानवअधिकार विषयहरूमा चर्चा गरिएको थियो।

भोजपुर

आशाहुर्ड, भोजपुरको आयोजनामा ०५५ जेठ २ गते संस्थाको कार्यालयमा, ४ गते दावाँमा र १६ गते तेवारी भञ्ज्याङमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ३७, ३१ र ३० जनाको सहभागिता थियो। कार्यक्रममा मानवअधिकार के हो, बालबालिकाको उचित जीवनस्तर र चेलिबेटी बिक्री समस्या र समाधानका विषयमा गोष्ठीमा चर्चा गरिएको थियो।

धनकुटा

हुसाडेक, धनकुटाको आयोजनामा ०५५ जेठ २२ गते पाख्रिवासमा, २३ गते सान्ने-६ मा सचेतन कार्यक्रम सम्पन्न भए। उक्त कार्यक्रममा ११ र ३९ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा बालअधिकार र महिला अधिकार, मानवअधिकार र महिला अधिकार विषयमा चर्चा गरिएको थियो।

झापा

हुरेक्ड, झापाको आयोजनामा ०५५ जेठ १ गते गरामनी-५ कदमगाँछीमा, ६ गते विराटपोस्वर र अनारमनी-७ मा र १८ गते विर्ताबजारमा सचेतन भेला सम्पन्न भए। उक्त भेलामा क्रमशः ३०, २६ र १९ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा सतार जातिको उत्थान बारे, विराटपोस्वरी संरक्षण र सरसफाइका विषयहरूमा चर्चा गरिनुका साथै कार्यक्रम समेत सम्पन्न भयो।

मोरङ

फरेन, मोरङको आयोजनामा ०५५ जेठ ७ गते उर्लाबारीको महिला सीप विकास केन्द्र भवनमा र २३ गते कटहरी गाविसमा सचेतन भेला सम्पन्न भयो। उक्त कार्यक्रममा क्रमशः ५८ र ७३ जनाको सहभागिता थियो। कार्यक्रममा कानूनी प्रशिक्षण र स्थानीय युवाहरू विषयमा चर्चा गरिएको थियो।

पाँचथर

हुकोडेक, पाँचथरको आयोजनामा ०५५ जेठ २४ गते यासोक गोपेटार मा.वि.मा, २८ गते मारापामा, २९ गते आङ्गसराङ्ग रानीटारमा सचेतन कार्यक्रम सम्पन्न भए। उक्त भेलामा क्रमशः ९०, ३० र ६५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा इन्सेक अभियानको १० वर्ष, इन्सेक अभियान र मानवअधिकारका साथै संविधान र मानवअधिकार विषयहरूको बारेमा चर्चा गरिएको थियो।

सप्तरी

हुसेक, सप्तरीको आयोजनामा ०५५ जेठ ५ गते फकिरामा, २३ गते रूपनीमा र ३० गते नेरहीनामा सचेतन भेला सम्पन्न भए। उक्त भेलामा क्रमशः २८, २० र २४ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा जातीय छुवाछूत, प्रजातन्त्र र मानवअधिकार तथा मानवअधिकार र दाइजो प्रथाका विषयहरूमा चर्चा गरिएको थियो।

सिराहा

नेपाल कल्याणकारी समाज (न्युज) सिराहाको आयोजनामा ०५५ जेठ २७ गते नवराजपुरमा र २८ गते धनगढीमा, ३१ गते कुर्वा हनुमान गाविसमा सचेतन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा क्रमशः ३६ जना, ३९ जना र ३० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मौलिक हक अधिकार, मजदूर ऐन र मौलिक हक तथा नेपालको संविधान र मानवअधिकारका विषयहरूको बारेमा चर्चा गरिएको थियो।

तेह्थुम

सोअण्डेक, तेह्थुमको आयोजनामा ०५५ जेठ १० गते श्री सिद्धिदेवी प्रा.वि. दाङपामा, २१ गते सरस्वती प्रा.वि. तम्फुलामा र २४ गते कालिका प्रा.वि. जिरीस्विम्तीमा सचेतन भेला सम्पन्न भयो। ती भेलाहरूमा क्रमशः ४०, ४८ र ४५ जना जनाको सहभागिता रहेको थियो। उक्त अवसरमा नेपालको संविधान ०४७, मानवअधिकार र हाम्रो दायित्व साथै विकासमा समान अधिकारका विषयमा प्रकाश पारिएको थियो।

उदयपुर

हुरेण्डेक, उदयपुरको आयोजनामा ०५५ जेठ ४, ८ र १९ गते भन्युवा-२ मा उपभोक्ता सचेतन भेला सम्पन्न भए। उक्त भेलामा क्रमशः ४८, ५९ र ३९ जनाको सहभागिता रहेको थियो। ती भेलाहरूमा मानवअधिकारका विविध विषयहरूमाथि छलफल गरिएको थियो। साथै महिला तथा बालबालिका विरूद्ध हुने सबै प्रकारको भेदभाव, बालअधिकार र शिक्षा, कानूनी अधिकार आदि विषयहरूमा जिल्लाका अन्य स्थानहरूमा समेत कार्यक्रम संचालन भएका थिए। ती कार्यक्रमहरूमा महिला र पुरूषको सहभागिता उल्लेख्य रहेको थियो।

काभ्रे

हुरेक, काभ्रेको आयोजनामा ०५५ जेठ २३ गते दाप्चा उराउने पोस्वरीमा, २९ गते दोलालघाटमा, ३० गते पनौति नपा-१

सलांही जिल्लाको नेकेल्वा गाविस-५ मा आयोजित सचेतन भेला

Internet Archive

चौकोटमा सचेतन भेला सम्पन्न भए। ती कार्यक्रमहरूमा क्रमशः २८, २३ र ३६ जनाको सहभागिता थियो। उक्त कार्यक्रममा मानवअधिकार र जातीय छुवाछूत, महिला अधिकार आदि विषयमा चर्चा गरिएको थियो।

रसुवा

हुसेक, रसुवाको आयोजनामा ०५५ जेठ १ गते सुन्धारा नि.मा.विद्यालयमा, ८ गते भोर्ले ९ मा र १० गते भोर्ले खाम्पेटमा सचेतन भेला सम्पन्न भयो। ती कार्यक्रमहरूमा क्रमशः ३०, ३९ र ४८ जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा ग्रामीण इलाकामा मानवअधिकार, नेपालको संविधान ०४७, महिला अधिकारका सम्बन्धमा चर्चा गरिएको थियो।

धनुषा

समाज उत्थान केन्द्र, धनुषाको आयोजनामा ०५५ जेठ ४ गते महेन्द्रनगर-१ मा, २७ गते केउलीपाखामा, २९ गते धनौजीमा र ३० गते पुलामिटोलमा सचेतन कार्यक्रम सम्पन्न भए। उक्त कार्यक्रममा क्रमशः २७, ४३, २६ र ३२ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकार र समान अधिकार, इन्सेक अभियान, महिला अधिकार तथा बाल अधिकारको विषयमा चर्चा गरिएको थियो।

पर्सा

हाम्रो समाज जागरण संस्था, पर्साको आयोजनामा ०५५ जेठ २६ गते विचुला गाविस, २६ गते पर्सोनी विता गाविसमा र २७ गते चोर्नी गाविसमा मानवअधिकार सम्बन्धी सचेतन कार्यक्रम सम्पन्न भए। ती कार्यक्रमहरूमा क्रमशः ३८, ३९ र ३६ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकार तालिम, महिला अधिकार, जातीय अधिकार आदि विषयहरूमा प्रकाश पारिएको थियो।

दोलखा

हुराडेक, दोलखाको आयोजनामा ०५५ जेठ १५ गते दोलखा-३ मा, १६ गते नाम्दु-९ मार्वुमा र १७ गते नाम्बु-५ दिमाल गाउँमा सचेतन भेला सम्पन्न भए। ती कार्यक्रममा क्रमशः १५, ३२ र ५० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा सामाजिक कुरिती, संस्था परिचय र मानवअधिकार शिक्षाको बारेमा कार्यक्रममा प्रकाश पारिएको थियो।



महोत्तरी जिल्लाको लक्ष्मनीया गाविस-५ डाँडाटोलमा आयोजित सचेतन भेला

नुवाकोट

सेन्थुर, नुवाकोटको आयोजनामा ०५५ जेठ ८ गते तारूकामा, ९ गते कोलडाँडा र १६ गते वि.न.पा.-३ शेरामा सचेतन भेला सम्पन्न भए। ती कार्यक्रममा क्रमशः ७६, ४४ र ५७ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, मानवअधिकार र महिला अधिकार तथा ग्रामीण इलाकामा मानवअधिकार विषयहरूमा चर्चा गरिएको थियो।

धनुषा

समाज उत्थान केन्द्र धनुषाको आयोजनामा ०५५ जेठ २४ गते सिन्दुरजोडा वडा नं. ७ मा र जेठ ३१ गते नकटाझिज गाविस ६ मा सचेतन भेला सम्पन्न भए। ती भेलामा क्रमशः ६३ र ५१ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा जातीय विभेद, इन्सेक अभियान र उत्पीडित जनजातिको स्थिति जस्ता विषयमा चर्चा गरिएको थियो।

महोत्तरी

इन्सेक कृषि मजदूर परियोजना कार्यालय राजविराजको आयोजनामा ०५४ जेठमा सर्लाही जिल्लाका विभिन्न १६ स्थानहरूमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा ४२१ जना महिला र १४८ जना पुरूष गरी जम्मा ५६९ जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा नेपाल अधिराज्यको संविधान, हामी र हाम्रो समाज, शिक्षाको महत्व, हलिया प्रथा, कमैया प्रथा, जातीय छुवाछूत जस्ता विषयहरूमा प्रकाश पारिएको थियो।

सिराहा

नेपाल कल्याणकारी समाज (न्यूज) सिराहाको आयोजनामा ०५५ जेठ १५ गते वस्तिपुर गाविस, १६ गते भवानीपुर गाविसमा, २० गते महनौर गाविसमा, २९ गते फूलकाहा गाविसमा र ३० गते भीजीपुरमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ४७, ४५, ४२, ३३ र ५० जनाको सहभागिता रहेको थियो। भेलामा महिला अधिकार, नेपालका संविधान बालबालिका जस्ता विषयहरूमा प्रकाश पारिएको थियो।

सर्लाही

कृषि मजदूर परियोजना राजविराजको आयोजनामा सर्लाहीमा ०५५ जेठ २५ गते ब्रम्हपुरी मुसहरी र गाविस मुसहरीमा, २६ गते वरहथवा टाडी हिरापुरमा जेठ २७ गते पिडारी गाविस मुसहरी र जुटपानीमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ३७, ३९, २६, २८, २९, ३३, ३१ र ३६ जनाको सहभागिता रहेको

थियो। उक्त अवसरमा जातीय भेदभाव, महिलाको स्थिति, संगठन र यसको महत्व, मानवअधिकार नेपालको संविधान, जस्ता विषयहरूमाथि प्रकाश पारिएको थियो।

जनप्रतिनिधि तालिम

धनकुटा

हुसाडेक, धनकुटाको आयोजनामा ०५५ जेठ २८ र २९ गते क्रमशः मारेक, कटहरे गाविस र डाडागाउँ गाविसमा जनप्रतिनिधि तालिम सम्पन्न भए। तालिममा क्रमशः ६७ र २१ जनाको सहभागिता रहेको थियो। सो अवसरमा जनप्रतिनिधिको भूमिका, मानवअधिकारमा सहभागिता र मानवअधिकार तथा महिला अधिकार बीचको सम्बन्धका विषयमा विदुर सुवेदी, धनबहादुर कुँवर, जितबहादुर अधिकारीले प्रशिक्षण दिनु भएको थियो।

महिला जनप्रतिनिधि तालिम

काभ्रे

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा टुकुचा गाविसमा महिला जनप्रतिनिधि सचेतन तालिम कार्यक्रम ०५५ असार २७ देखि २९ गतेसम्म बनेपाको बुडोल तालिम केन्द्रमा सम्पन्न भयो। उक्त तालिमको उद्घाटन उपस्थित जनप्रतिनिधिहरूले संयुक्त रूपमा गरेका थिए। सो तालिममा कमला पराजुलीले कार्यक्रमको औचित्यता र महिला जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारका बारेमा प्रकाश पार्नु भएको थियो।

तालिम कार्यक्रममा लैंगिक विभेद, महिला अधिकार, मानवअधिकार, सामाजिक कार्यहरूमा महिलाहरूको सहभागिता, महिला स्वास्थ्य र सरसफाई, गाविसको काम, कर्तव्य र अधिकार जस्ता विषयहरूमा इन्दिरा फुयाँल, अप्सरा सञ्जेल, विनोद कुडकेल, हरिशरण दाहाल, राजकृष्ण गिरीले चर्चा गर्नु भएको थियो। कार्यक्रममा भोजराज तिमिल्सिना र शिव स्वकुरेलले सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो।

१३ जना महिला जनप्रतिनिधिको सहभागिता रहेको उक्त कार्यक्रमको सभापतित्व सरस्वती थापाले र कार्यक्रम संचालन सरोज कुडकेलले गर्नु भएको थियो।

महिला भेला सम्पन्न

काभ्रे

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा ०५५ असार ३० गते टुकुचा गाविसको प्रांगणमा महिला भेला सम्पन्न भयो। महिला जनप्रतिनिधि सचेतन कार्यक्रमको प्रमुख अतिथि जिविस काभ्रेका सभापति कृष्णप्रसाद सापकोटाले कार्यक्रमको चर्चा गर्दै भन्नुभयो- "यस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यकता परेमा जिविसले ऋण तथा अनुदान दिने छ।"

कार्यक्रममा इन्सेक महिला विभाग प्रमुख कमला पराजुलीले महिला आन्दोलनका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा देवी बाँस्कोटा, जिविस-११ का सदस्य नारायभक्त श्रेष्ठ, टुकुचा गाविस अध्यक्ष रामकृष्ण गिरी, वडा अध्यक्ष रेणुका पाण्डे, गीता संञ्जेल र विमला गिरी लगायतका वक्ताहरूले कार्यक्रमको सम्बन्धमा चर्चा गर्नु भएको थियो। करीब २ सय जना महिलाहरूको उपस्थितिमा सम्पन्न कार्यक्रमको सभापतित्व अप्सरा सञ्जेल र संचालन भोजराज तिमिल्सिनाले गर्नु भएको थियो।

सडक नाटक प्रदर्शन

पाँचथर

बालचेतना समूह, पृथ्वी मा.वि. यासोकलको आयोजनामा तीन-तीन वर्षमा लाग्ने मेलामा सडक नाटक प्रदर्शन गरिएको थियो। ग्रामीण क्षेत्रमा चलिआएका कुप्रथा र परम्पराप्रति व्यंग्य प्रहार गरिएको नाटक राजकुमार खड्काले लेख्नु भएको थियो। नाटकमा जगत जिज्ञासु, प्रेम अतित, कमल चौलागाई र भीम कुमार सम्वाहाम्फेले कलाकारको भूमिका निभाउनु भएको थियो भने निर्देशन ओमप्रसाद निरौलाले गर्नु भएको थियो।

अन्तरक्रिया कार्यक्रम

पाँचथर

बालचेतना समूह यासोक, फाक्लेप र हुकोडेक नेपालको संयुक्त आयोजनामा ०५५ वैशाख ४ गते पृथ्वी मा.वि. यासोकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा बालचेतना समूहले गरेको क्रियाकलापको प्रगतिका साथै संस्थाको सहयोगको बारेमा चर्चा गरिएको थियो। कार्यक्रममा शिक्षक, विद्यार्थी र जनप्रतिनिधिहरू गरी २ सय जनाको उपस्थित रहेको थियो।

महिला नेतृत्व विकास तालिम

पाँचथर

हुकोडेक, पाँचथरको आयोजनामा ०५५ असार ५ र ६ गते फिदिममा इलाका स्तरीय महिला नेतृत्व विकास तालिम सम्पन्न भयो। उक्त कार्यक्रमको उद्घाटन जिविस सभापति उपेन्द्र दंगालले गर्नु भएको थियो। कार्यक्रममा नेतृत्व भनेको के हो? नेतृत्वको आवश्यकता किन पर्दछ? गाविस स्वावलम्बन कार्यक्रम, महिला र पुरूष बीचको असमान कानुन तथा महिलाहरूको स्वास्थ्य स्थितिका सन्दर्भमा महिला नेतृत्व विकास तालिम संचालन भएको थियो। कार्यक्रमका सहभागीहरूलाई जिविस क्षेत्रीय सदस्य राजेश शुवालले प्रमाणपत्र वितरण गर्नु भएको थियो।

खानेपानी मुहान संरक्षण

पाँचथर

हुकोडेक, पाँचथर र जिल्ला खानेपानी कार्यालयको संयुक्त आयोजनामा फिदिम स्थित तिरतिरेको खानेपानी मुहान संरक्षण कार्य सम्पन्न भयो। जिल्ला खानेपानी कार्यालय पाँचथरबाट प्राप्त रू. २८, ५६६।४५ र स्थानीय जनश्रमदानबाट रू. ९,५६७।५५ गरी जम्मा रू. ३८,१३४ रूपैयाँको लागतमा निर्मित उक्त आयोजनाबाट १ सय ५० जनालाई खानेपानी सुविधा पुग्ने कुरा बताइएको छ।

दिवस

धनकुटा

हुसाडेक, धनकुटा र श्री भानु मा.वि. डाडा बजार धनकुटाको संयुक्त आयोजनामा ०५५ जेठ २२ गते विश्व वातावरण दिवसका अवसरमा विविध कार्यक्रम सम्पन्न भए। उक्त दिन हाजिरी जवाफ प्रतियोगिता, अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता र कविता गोष्ठी सम्पन्न भए। कार्यक्रममा करीब २ सय जनाको सहभागिता रहेको थियो। ●

पश्चिमाञ्चल क्षेत्रमा बिगत ६ महिनाभित्र भएका मानवअधिकार हननका केही घटना

तनहुँ

घाँसी कुवा गाविस-१ का ४० वर्षीय शोभाकान्त पोस्वंरलाई ०५५ जेठ १४ गते राती धरमपानीको जंगलमा माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे। सोही जिल्लाको ननहुकोट गाविस-१ कालिकाटारमा माओवादी छापामार र प्रहरी बीच भिडन्त हुँदा जेठ १२ गते विहान सहायक प्रहरी निरीक्षक बलबहादुर गौली र २५ वर्षीय विदुर भन्ने चुडामणि बन्जराको घटना स्थलमै मृत्यु भयो भने प्रहरी हवल्दार मिनबहादुर गुरुङ घाइते भए। यसरी नै तनहुँ गण्डकी नदीमा डुंगा चढि माछा मारिरहेको अवस्थामा काठ तस्करी गरेको आशंकामा ०५४ चैत २७ गते वन रक्षक हवल्दारले ललित जि.सी.को गोली हानी हत्या गरे।

गोरखा

गोरखा जिल्ला सोरपानी गाविस-३ बस्ने सिद्धार्थ नि.मा.वि.का प्रधानअध्यापक ३८ वर्षीय नन्दलाल कोइरालालाई ०५४ चैत ३ गते दिनको १.३० बजे माओवादीले आक्रमण गरी हत्या गरे। यसै गरी माओवादीको आरोपमा गोरखा जिल्ला घर भई हाल नारायणघाटमा सुनचाँदीको पसल व्यवसाय गरी बस्ने २० वर्षीय र ३२ वर्षीय ओमबहादुर वि.क. र तुलबहादुर वि.क.लाई बगुवा गाविसको बीचमा पर्ने सिम्ले पधेराको भित्तामा ठडाई प्रहरीद्वारा पछाडिबाट २५/३० राउण्ड गोली प्रहार गरी ०५४ चैत ६ गते राती १.३० बजे कायरतापूर्ण तरिकाले हत्या गरियो। गोरखा जिल्ला फुजेल-१ घर भई हाल पृथ्वीनारायण न.पा.-३ गोरखा अस्पतालमा कार्यरत राम्जीप्रसाद तिवारीलाई ०५५ वैशाख ४ गते घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

स्याङ्जा

स्याङ्जा संखाम गाविस-२ की १७ वर्षीय शान्ति अर्यालसाई रत्नपुर गाविस-८ का हरिबहादुर खड्काले ०५३ असार महिनामा बलात्कार गरी भारतको दिल्लीमा लगी बिक्री गरी हरिबहादुर खड्का नेपाल फर्के। तर पीडित महिला भारतीय नागरिक निजेन्द्र पाल र जयभगवान पालको सहायताले नेपाल फर्की ०५४ जेठ २५ गते पीडितले पीडकलाई कार्वाहीको लागि इलाका प्रहरी कार्यालय वालिङमा निवेदन दिएकी थिइन्। यसरी नै कृष्णगण्डकी गाविस-६ गुरुङ्गदीकी ७ वर्षीय विमला वि.क.लाई ०५५ जेठ २ गते राती ९ बजे पीडित घरमा सुतिरहेको बेला सोही गाविसका २३ वर्षीय माने भन्ने कुलबहादुर वि.क.ले मकैबारीमा लगी मुखमा बुजो लगाई जबरजस्ती बलात्कार गरे।

कास्की

कास्की भरतपोखरी-२ का ३२ वर्षीय टेकबहादुर विश्वकर्मा र सोही स्थानका ३० वर्षीय ठागु भन्ने पदम बहादुर गुरुङ बीच ०५५ जेठ २७ गते लेनदेनको विषयमा विवाद भई पदम बहादुर गुरुङले टेकबहादुर विश्वकर्मालाई कुटपिट गरे र सोही पिटाइको कारणले टेकबहादुर वि.क.को ९ दिन पछि ०५५ असार ५ गते मृत्यु भयो। सिन्धुपाल्चोक जिल्ला बाह्रविसे खुर्सानीबारी घर भै कामको खोजीमा पोखरा आएकी २४ वर्षीय कमला आचार्यलाई ०५५ वैशाख २७ गते पोखरा नगरपालिका-३ नदिपुर बस्ने झापा घर भएको २४ वर्षीय विष्णु क्षेत्री र २५ वर्षीय आकाश भन्ने रामबहादुर अधिकारीले बलात्कार गरे।

नवलपरासी

नवलपरासी गितानगर-२ घर भई हाल विशेष टेक्सटायल कम्पनी अमरापुरी-५ मा कार्यरत १५ वर्षीय सुश्री सुनिता वि.क.लाई ०५४ माघ १ गते साँझ ६ बजे अमरापुरी-४ का २० वर्षीय गंगाप्रसाद रिजालले जबरजस्ती करणी गरे। यसरी नै काठमाडौं महानगरपालिका-२ लाजिम्पाटकी २५ वर्षीय सुश्री इन्दिरा श्रेष्ठलाई ०५५ वैशाख २० गते अपरान्ह २ बजे लम्सरीया-४ नवलपरासीको जंगलमा लगी काठमाडौं महानगरपालिका-३० असनका ३० वर्षीय उमेश नाम्राकारले हत्या गरे। नी दुवैको प्रेम भएको र विवाह छिटो गरी भन्दा निज नाम्राकारले पीडितको हत्या गरेका थिए।

रुपन्देही

रूपन्देही जिल्ला सिक्टहन-९ का ४० वर्षीय बनारसी पासीलाई ०५५ वैशाख १ गते सोही ठाउँ बस्ने निजकै पत्नी ३५ वर्षीय सतीया पालीले दाजु इनारमान पासी र गजेन्द्र यादवको सहयोग लिइ गलत यौन सम्बन्ध भएका कारण हत्या गरे। बुटवल धागो कारखाना नजिक ०५४ चैत २४ गते संयुक्त जनमोर्चा नेपालको आयोजनामा नेपाल बन्द आह्वान कर्ताबाट आक्रमण हुँदा सिराहा जिल्ला विष्णुपुरा गाविस-४ का ३८ वर्षीय प्रेम प्रसाद दाहालको मृत्यु भयो।

कपिलवस्तु

कपिलवस्तु जयपुर-५ गोरूसिहिया इलाका प्रहरी चौकी पछाडि बसेका १३ घर सुकुम्बासीका छाप्रा भन्काउँन गएका १५/२० जना सशस्त्र वन रक्षक तथा वन कर्मचारीले ०५५ वैशाख १७ गते विहान ११ बजे ४८ वर्षीय श्रीमती स्वुम अधिकारी, २४ वर्षीय पत्नी नन्दकुमारी थापा, २५ वर्षीय पत्नी नारायणी पाण्डे, २३ वर्षीय सुशीला स्वत्री लगायतकालाई हातपात गरी घाइते पारियो साथै ३ राउण्ड गोली प्रहरीद्वारा चलाइयो।

अर्घाखाँची

अर्घाखाँची जिल्ला वागी गाविस-४ बस्ने टेकबहादुर वि.क.ले घरमा विवाह नगरिदिएको र अंश नदिएको निहुँमा आफ्नै सहोदर आमा ४० वर्षीय चित्रकला वि.क.लाई फलामको गल प्रहार गरी हत्या गरे।

वाग्लुङ

वाग्लुङ अमला चौर-२ का पदमबहादुर सार्कीको ०५४ वैशाख १३ गते गंगाबहादुर सार्की र दलबहादुर सार्कीले कुटपिट गरी हत्या गरे।

वाग्लुङ बोडमा दोभान गाविस-२ की ५१ वर्षीय मनसरा रोकालाई ०५४ चैत २० गते राती १० बजे आफ्नो बुहारी २१ वर्षीय लालकुमारी रोकाले सामान्य विवादमा ढुंगाले हानी हत्या गरिन्।

म्याग्दी

म्याग्दी जिल्ला चिमस्वोला गाविस-९ बस्ने तुलचन्द पुनले आफ्नै १ मात्र छोरा २९ वर्षीय सेरबहादुर पुनलाई राती गाँठमा सुतिरहेको अवस्थामा दाउराले टाउकोमा पटक-पटक प्रहार गरी हत्या गरे।

गुलाई महिनाको प्रतिनिधिमुलक केही घटना

(०५५ असार १७ गतेदेखि ०५५ साउन १४ गतेसम्म)

हत्या/गोली

काभ्रे

सालधारा गाविस-८ का रेशमबहादुर ढुंगानाको घरमा ०५५ असार २३ गते माओवादी र प्रहरी बीच भिडन्त भयो। भीमस्वोरी-३ बस्ने सुनकेश थोकर, वाल्टिङ गाविस-४ का कल्याणी राना मगर, कानपुर गाविस-४ सिकेका लक्ष्मी मोक्तान, ललितपुर इकुडोल-२ वसेरीका रूद्रप्रसाद दाहालसमेत ४ जनालाई ०५५ असार २७ गते विहान १० वजे प्रहरीले गोकुले खोलामा लगेर गोली हानी हत्या गऱ्यो।

सिराहा

चन्द्र अध्योध्यापुर-१ की ३ वर्षीय राधाकुमारी महतोलाई ०५५ असार २१ गते आफ्नै बाबु बद्रीनारायण महतोले पूजा गर्न बनाइएको देवस्थलमा हिकाई हत्या गरे। पीडक थुनामा छ, उसको मानसिक सन्तुलन ठीक नरहेको बताइन्छ।

सोलुखुम्बु

सोताङ गाविस-६ का साँगे शेर्पालाई ०५५ असार २१ गते पेमछिरिङ शेर्पाले कुटेर नजिकको रूखमा झुण्ड्याइ मारे। पीडक थुनामा छन्।

सर्लाही

नारायणपुर गाविस-२ का रामदिनेश साह र चन्देश्वर साहबीच झगडा भई पिटापिट भइरहेको समयमा ०५५ असार २५ गते अपरिचित व्यक्तिले गोली हान्दा रामनिदेश साह घाइते भई लडे। पीडक पत्ता लागेको छैन।

जाजरकोट

रग्दा गाविस-४ रावत गाउँका १६ वर्षीय जसे कामीलाई सशस्त्र प्रहरीले गैरकानूनी तरिकाले पक्राउ गरी ०५५ असार १८ गते विहान ५ वजे गोली हानी हत्या गरे। उनलाई प्रहरी माओवादी मुठभेडमा मारिएको प्रहरीले बताएको छ।

कालिकोट

मालकोट गाविस-३ का २२ वर्षीय मन्दिरे वटलालाई ०५५ असार १९ गते प्रहरीले गोली हानी हत्या गऱ्यो। बाँदरले मकै नस्वाओस् भनी धपाउन वारीमा गएका मन्दिरेलाई माओवादी भएको आरोपमा मारिएको हो।

गिरफ्तारी र यातना

उदयपुर

त्रिनेपा-७ भुल्केका वैकुण्ठनाथ दाहालकी १४ वर्षीय छोरी रेशना दाहाललाई ०५५ साउन ३ गते राति प्रहरीले माओवादी भनी पक्राउ गरी १८ घण्टापछि रिहा गऱ्यो। प्रमुख जिल्ला अधिकारीको कार्यालयमा बम फ्याँक्ने हाम्रै बाबु हुन्, माओवादी नेताहरू तस्कर हुन् भनेर आफूलाई भन्न लगाएको पीडितले बताएकी छिन्।

बारा

कलैया नगरपालिका-१ का शम्भु महतोलाई ०५५ साउन ५ गते प्रहरीले विना कारण र विना पूर्जी पक्राउ गरी ६ दिनसम्म थुनेरै राख्यो। उनलाई थुनामै कुटपिटसमेत गरिएको थियो।

प्युठान

दास्वाक्वाडी गाविस-५ रिभानडाडाका २५ वर्षीय वीरबहादुर रोकालाई ०५५ असार २० गते प्रहरीले माओवादी भनी पक्राउ गरी ५ दिनपछि छाड्यो। उनी मसाल समर्थक हुन्।

ओखलढुंगा

टास्वेराबारी गाविस-६ का निर्वाचित अध्यक्ष यादवकुमार विष्टलाई ०५५ असार २९ गते प्रहरीले पत्नी कष्टडीमा रास्वेको र निकै दर्दनाक यातना दिइरहेको छ। गाउँकै एक व्यक्तिको मृत्यु सम्बन्धमा बुझ्न भनी उनलाई प्रहरी कार्यालय लगिएको थियो। सोही घटनाका आधारमा पोकलीका कल्याण गौतम र शेषराज गौतम लगायतका व्यक्तिलाई पनि प्रहरीले ०५५ असार ३० गते पत्नी २ दिनसम्म सिरिसे भन्ने ठाउँमा नै बाँधेर लडाइयो र त्यस पछिमात्र प्रहरी कार्यालय लगियो।

कुटपिट

लमजुङ

विचौर गाविस-५ का २५ वर्षीय हुमनाथ दवाडीलाई ०५५ असार १७ गते राति केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी मरणासन्न हुनगरी कुटपिट गरे। राजनीतिक कारणले उनीमाथि हत्या गर्ने उद्देश्यले आक्रमण गरेको स्थानीय जनता बताउँछन्।

स्याङ्जा

आरूचौर गाविसका अध्यक्ष बद्री शर्मालाई ०५५ साउन ५ गते राति रापकोट गाविस-९ का २५ वर्षीय सन्तोष गुरूङ लगायतका १२ जनाको समूहले आक्रमण गऱ्यो। पीडितको निधार र ढाडमा नराम्रोसंग चोट लागेको छ।

कपिलवस्तु

वाणगंगा गाविस-६ का ताराजन घिमिरे, हिराबहादुर रायमाझी, अनन्तराज रेग्मी लगायतका व्यक्तिहरूलाई ०५५ साउन ९ गते शक्ति ज्ञवालीको नेतृत्वमा रहेका २५-३० जनाको जत्थाले राजनीतिक आस्थाका कारण आक्रमण गऱ्यो। पीडकहरूलाई प्रहरीले कारवाही गर्नुको सट्टा संरक्षण गरिरहेको छ। दुई पीडितको अवस्था चिन्ताजनक छ।

महिला किनबेच / बलात्कार

मोरङ

कटहरी गाविस-१ की ५ वर्षीय एक बालिकालाई ०५५ असार २४ गते सोही ठाउँका १८ वर्षीय टरा मुसहरले ललाइफकाई बलात्कार गरे। पीडक प्रहरी थुनामा छ।

इलाम

इलाम नगरपालिका-९ की २५ वर्षीय देवी दर्नाललाई ०५५ असार १९ गते आफ्नै जेठाजु ३५ वर्षीय टेकबहादुर दर्नालले राति १० बजे बलात्कार गर्ने प्रयास गरे।

सुनसरी

धरान नगरपालिका-११ की २० वर्षीय एक युवतीलाई ०५५ असार २३ गते सोही ठाउँका गोपी श्रेष्ठ (विनोद) ले दिउँसै बलात्कार गरे। पीडक थुनामा छन्।

सलाही

रामवन गाविस-२ की ४ छोराछोरीकी आमालाई ०५५ असार २० गते बलरा गाविसमा अन्दाजी २८ वर्षीय एक अज्ञात व्यक्तिले बलात्कार गरे। पीडितका पतिले उनलाई नस्वीकार्ने धम्की दिदै आएका छन्। पीडक फेला परेको छैन।

दाङ

त्रिननपा-१० की ५ वर्षीय एक बालिकालाई ०५५ असार २० गते घोराहीस्थित बाकस उद्योगमा काम गर्ने भारत, गोरखपुरका २३ वर्षीय कादिर अहमद मुसलमानले बलात्कार गर्ने प्रयास गरे। पीडक हिरासतमै छ।

बहुविवाह

दाङ

उरहरि गाविस-३ का ४५ वर्षीय खिमबहादुर चौधरीले २०५५ असार १८ गते आफ्नै छोरा बुहारी लिएर घरबाट हिंडे। केही समयअघिदेखि नै ससुरा-बुहारीबीच अवैध सम्बन्ध रहँदै आएको थियो।

विचार विविध

परिचय

मानवाधिकार शिक्षा भनेको शिक्षण सिकाईका क्रियाकलापमा मानवअधिकारका ज्ञान, मूल्य मान्यता र सीपलाई विषयवस्तुको रूपमा उद्देश्यमूलक ढंगले निरूपण गरिएको (delibezrately designed) सहभागितान्मक प्रक्रिया हो। जसबाट सर्वसाधारण जनसमुदायले आफ्नो अनुभव बुझ्न र आफ्नो जीवन आफैं नियन्त्रण गर्न सक्षम बनून्।

शिक्षा शास्त्रमा विभिन्न आन्दोलन प्रवाहित छन् जस्को मूल उद्देश्य मानिसहरूले वैयक्तिक र सामाजिक अनुभवहरू बुझेर आफूले चाहेजस्तो कुरामा तिनीहरूलाई रूपान्तरण गर्नसक्षम बनून्। यी सबै मिलेर मानवअधिकार बन्दछन्। यसरी मानवअधिकारलाई अन्य नाम वा शीर्षक दिन पनि सकिन्छ, जस्तैः शान्ति शिक्षा, पुरूष-महिला समविकास (Gender) शिक्षा, वातावरण शिक्षा, आदिः यदि नी शिक्षा आन्दोलनहरूले जनतालाई शोषण र उत्पीडनकारी सामाजिक यथार्थबाट मुक्त गर्छन् भने।

मानवअधिकार कार्य र मानवअधिकार शिक्षा कार्य

निस्कर्षमा भन्ने हो भने मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने काम शैक्षिक कार्य हो। तापनि प्राविधिक रूपले यी दुईमा भिन्नता छः

मानवाधिकार कार्य

मानवाधिकार शिक्षा

- सबै मानवअधिकार कार्य मानव अधिकार शिक्षा होइनन्।
- मानवअधिकार शिक्षा प्राप्त गरेको हुनाले नै मानिसहरू मानवअधिकार कार्यमा संलग्न हुन्छन्
- मानवअधिकार कार्यकर्ताले मानवअधिकारको विशेष सवाल (Special case) वा अवस्थामा र त्यस्तो विशेष सवाल वा मानवअधिकारको आम अवस्था (Genral Scenario) लाई प्रभावित पार्ने कार्ययोजना लागु गर्छ।
- मानवअधिकार सहयोगी (शिक्षक) को मुख्य सरोकार सहभागीहरू (Learners) लाई मानवअधिकार सम्बन्धी विशिष्ट ज्ञान, मूल्य मान्यता र सीपयुक्त व्यक्तिको रूपमा विकास गर्नु हो, जसबाट उनीहरू मानवअधिकारको विशेष सवाल वा आम अवस्थाप्रति सम्वेदनशील बनून्।
- मानवअधिकार कार्यकर्ताले मानव अधिकारको कुनै खास सवाल वा आम अवस्थाको मागका आधारमा आफ्नो क्रियाकलाप संगठित गर्दछ।
- मानवअधिकार सहयोगी (शिक्षक) चाहिँ सहभागीहरूका रूपमा विभिन्न मानिसहरूको विकासको स्तर (level) बाट प्रभावित हुन्छ र सोही अनुरूप शिक्षण सिकाई कार्य संगठित गर्दछ।

मानवअधिकार शिक्षाको उद्देश्य

ज्ञान र सूचना प्रवाहका आधारमा आधुनिकीकरण, सभ्यता र प्रकृति तथा ब्रम्हाण्डमाथि विज्ञानको नियन्त्रण भएको हामी कुरा गर्छौं। तर भौतिक र अभौतिक, प्राकृतिक र सामाजिक प्रभुता भएरपनि हामी गरीबी, असहिष्णुता, कट्टरता, जातिवाद, लिंगभेद आदिको भूमरीमा रूमल्लिरहेका छौं। आधुनिकीकरण, विज्ञान र सूचनाको विष्फोटको बावजुद अमानवीय अस्तित्वका कारणले उत्पन्न पीडाहरूको जवाफ हामीसित छैन। यिनै कारणले मानव भएको नाताले आफ्ना

अनुभवलाई बुझ्न र आफ्नो जीवनको आफैं नियन्त्रण गर्ने भन्ने स्वतः स्पष्ट छैन र ?

कुनै पनि समाजको मानवअधिकारको विकासकोस्तर अनुरूप मानवअधिकार शिक्षणले विभिन्न आयाम ग्रहण गर्दछ। शिक्षा व्यर्थको लागि हुँदैन। सबै शैक्षिक क्रियाकलापहरू कुनै पूर्व निर्धारित लक्ष्यमा पुग्नका लागि नै हुन्छन्। सफल हुनका लागि शिक्षकले जुन समाजमा शैक्षिक क्रियाकलाप गर्ने हो त्यस समाजको यथार्थलाई बुझेकै हुनुपर्छ। मानवअधिकार शिक्षणका लागि समाजको मानव अधिकारको अवस्थाको लेखाजोखा गर्नै पर्छ।

मानवअधिकारको विकासको स्तरको परिणामले निम्न कुरा निश्चित गर्दछः

- मानवअधिकार शिक्षाका केन्द्र (Focus) वा लक्ष्य (Goals)
- मानवअधिकार शिक्षाको विषयवस्तु (Content)
- मानवअधिकार शिक्षाको ढाँचा (Framework)
- मानवअधिकार शिक्षाको प्रणाली (Approach)
- मानवअधिकार सहयोगी (शिक्षक) को भूमिका

एशियाको परिप्रेक्षमा मानवअधिकारको स्तरलाई निम्न तीन श्रेणीमा छुट्याउन सकिन्छः

- **उन्नतस्तरः** समाजले अन्तर्राष्ट्रिय मापदण्ड र कानूनहरूमा भएका हक र स्वतन्त्रताहरूलाई मान्यता दिई आफ्ना सदस्यहरूलाई नी हक र स्वतन्त्रता उपलब्ध गराउने दायित्व स्वीकार गरेको ।
- **कृत्रिम शब्दाडम्बर (Rhetorical) स्तरः** मानवअधिकारको प्रवर्द्धन निम्ति समाज आफ्नो दायित्वप्रति नटस्थ रहेको तर सरकार भने जनतालाई मुखले मात्र ठीक पार्ने।
- **उत्पीडित स्तरः** मानवाधिकारप्रति विद्वेश राख्ने समाज भएकोले आफ्ना सदस्यहरूको मौलिक हक र स्वतन्त्रताहरूको खुल्लम खुल्ला उल्लंघन गर्ने।

नेपालको अवस्था दोस्रोस्तर अनुरूप छ। यसका विशेषता निम्न छन्ः

- अन्तर्राष्ट्रिय मापदण्ड र कानूनहरू छानीछानी र शर्तहरूसहित मान्यता,
- मानवअधिकारको संरक्षण गर्ने अन्तर्राष्ट्रिय मापदण्ड राष्ट्रिय कानूनहरूको अभाव वा अपूर्णता,
- मानवअधिकार शिक्षाका लागि राष्ट्रिय श्रोत साधनको बाँडफाँड न्यून वा हुँदै नभएको,
- नागरिकहरूमा मानवअधिकार सम्बन्धी अज्ञानता,
- अधिकार विरोधी सामाजिक रिती रिवाजहरूलाई प्रोत्साहन दिएर मानव अधिकारका क्रियाकलापहरूलाई निरूत्साहित र काँटछाँट गर्ने।

मानवअधिकार शिक्षा भनेको रूपान्तरणका लागि शिक्षा हो। उपनिवेशवाद वा निरंकुशतन्त्रबाट मुक्त भएका जनताले भोग्नु परेका मानवअधिकारको उल्लंघनका घटनाहरू शोषण र उत्पीडनका अरू नयाँ रूपहरू- राजनैतिक अथवा आर्थिक र प्रायः दुबैसित सम्बन्धित छन्। मानवअधिकारको प्राप्ति भन्नु नै यी अन्य रूपका शोषण र उत्पीडनको उन्मूलन निम्ति आधारभूत पाइला चाल्नु हो।

शिक्षा तटस्थ हुनै सक्दैन। शिक्षाले इतिहासमा शोषक र उत्पीडकहरूको हितमा जनतालाई निस्कृय र पलायन गर्ने काम गरेको छ भने अर्कोतर्फ जनताको मुक्ति आन्दोलनको अभिन्न अंग पनि बनेको छ। मुक्ति पूर्वको चीनको "किसान साक्षरता अभियान", निकारागुवाको "राष्ट्रिय साक्षरता धर्मयुद्ध", पाउलो फ्रेरको "साँस्कृतिक समुहहरू" आदि शिक्षाको शक्तिलाई रूपान्तरणका लागि परिचालन गरिएका सफल उदाहरणहरू हुन्। पूर्ण मानवीय समाज (Fully humane society) निम्ति संघर्षको क्रममा जनताको अजेय शक्तिमा विश्वास भएको आधारमा नै हामीले रूपान्तरकारी शिक्षा प्रणाली छानेका छौं।

मानवअधिकार शिक्षाको विषयवस्तु

मानवाधिकार शिक्षाको विषयवस्तु मानवअधिकार शिक्षाको निर्धारित उद्देश्यद्वारा निर्दिष्ट हुन्छन्। यथास्थिति कायम राख्नका लागि मानवअधिकार शिक्षाको प्रयोग भएमा विषयवस्तु स्वरूप अधिकारहरूलाई असल नागरिकका कर्तव्य र दायित्वका रूपमा देखाइन्छ। सत्ताधारीहरूको परिभाषा अनुसार असल नागरिक भन्नाले अनुशासित कानूनहरूको चुपचाप शिर निहुराएर पालना गर्ने र आज्ञाकारी हुनु हो। यसले सहभागीहरू (Learners) को रूपमा जनतालाई "मानवअधिकार" नाम टाँसिएको पूर्व परिभाषित ज्ञानको प्रापक (Recipient) मा खसालिदिन्छ।

साँच्ची नै मानवअधिकार शिक्षालाई निस्कृयता र पलायनबाट जोगाई सचेतनता र कार्यवाही (Action) तर्फ लैजाने उपायको रूपमा निर्माण गर्ने हो भने यसले रूपान्तरकारी अडान लिनेछ। यसको अर्थ मानवअधिकार शिक्षाको विषयवस्तु जनताका अनुभववाटै परिभाषित हुनु पर्नेछ। अध्ययनको उद्देश्य जनताले जान्नैपर्ने भनि ज्ञानको ऐतिहासिक पोथा घोकाउनु होइन, बरू जनताको जीवन अनुभवलाई बुझ्न र रूपान्तरण गर्नका लागि हुनुपर्छ यही नै न्यायपूर्ण मानवअस्तित्वका लागि पूर्व शर्त हो। मानव महत्तालाई आघात पुऱ्याइरहेका विविध रूपमा शोषण र उत्पीडनलाई जन्म दिने उत्पीडनकारी सामाजिक संरचनाहरूलाई उन्मूलन गरी जनताले आफ्नो जीवनको नियन्त्रण आफैं गर्न सक्ने भएमा मात्र मानवअधिकार शिक्षा रूपान्तरकारी बन्न सक्नेछ।

मानवाधिकारको ऐतिहासिक पृष्ठभूमि

मानवअधिकारको विकास

- मानिसको उत्पत्तिसंगै मानिस भएकै कारणले स्वाभाविक रूपमा बाँच्ने, हिँडडुल गर्ने, आर्जन गर्ने र उपभोग गर्ने स्वतन्त्रता, समानता आदि अन्तर्निहित छन्।
- आदिम मानव समाज (अर्को शब्दमा आदिम साम्यवाद) मा यो स्वाभाविक थियो।
- समाजाम वर्ग विभाजन, निजी सम्पत्ति र राज्यको उत्पत्ति भएपछि नै बलियाले निर्धालाई दबाउने अवस्था र निर्धाहरूले त्यसको विरूद्धमा आफ्ना अधिकार निम्ति विद्रोह सुरू गरे। दास विद्रोहको रूपमा स्पार्टाकस विद्रोह, सामन्ती युगमा किसान विद्रोहहरू विश्व इतिहासमा प्रशस्त छन्। आदिम समाजको स्वतन्त्र व्यक्ति परतन्त्र बन्यो।
- निरन्तर संघर्ष र विकासको क्रममा मानिसका अधिकार र स्वतन्त्रता परिभाषित र व्याख्या हुँदै आए। मानवअधिकारको अन्तर्राष्ट्रिय अवधारणा आधुनिक युगको उपज नभै मानव सभ्यताको विकास क्रममा प्राचीन प्राकृतिक कानूनहरू मानव जातिका संघर्षहरू, दार्शनिक र विद्वानहरू, विचारहरूले यसं रूपमा ल्याएको हो।
- मानवअधिकारको लिपिबद्ध दस्तावेज स्वरूप १५ जुन १२१५ मा बेलायती जनताले राजा जोन (John) द्वारा हस्ताक्षर गराई प्राप्त गरेको स्वतन्त्रताको महाअधिकारपत्र (Maghacarta Libertatum) हो। यसबाट बेलायती जनताले एकपछि अर्को अधिकारहरूको बहाली गर्दै गए।
- अर्को महत्वपूर्ण खुड्किलोको रूपमा फ्रान्सेली राज्य क्रान्ति पछि सन् १७८९ मा फ्रान्सेली नागरिकहरूका लागि अधिकारहरूको घोषणापत्र (French Declaration of the rights of Men and Citizens) जारी भयो।
- अर्को उल्लेखनीय कदमको रूपमा सन् १७७६ मा उत्तरी अमेरिकाका १३ वटाऔपनिवेशिक राज्यहरूले संयुक्त रूपमा जारी गरेको अमेरिकी स्वाधिनताको घोषणापत्र (American Declaration of Independece) रहेको छ। अमेरिकी कांग्रेसले सन् १७८९ मा नागरिक अधिकारहरूको घोषणापत्र पारित गऱ्यो।
- अन्तर्राष्ट्रियस्तरमा पहिलो प्रयास सन् १८१५ को भियना सम्मेलनलाई मान्न सकिन्न यसको तत्कालीन यूरोपेली राष्ट्रहरूमा विद्यमान दास प्रथा तथा दास व्यापारमाथि रोक लाउने उद्देश्य थियो। यसैको फलस्वरूप सन् १८८५ को बर्लिन सम्मेलनले दासत्व तथा दास व्यापारलाई अवैध घोषित गऱ्यो।
- यसै क्रममा मानव स्वतन्त्रता, प्रगति र मुक्तिको निम्ति सन् १८४८ मा प्रकाशित कम्युनिष्ट घोषणापत्रले पनि मानवअधिकारको क्षेत्रमा विशेष योगदान पुऱ्यायो।
- प्रथम विश्व युद्ध (१९१४-१९१९) पछि स्थापित राष्ट्र संघ (League of Nations) द्वारा निर्मित सन् १९२६ को दासत्व अभिसन्धीले मानवअधिकारको आधुनिक विकास क्रममा अहम भूमिका निर्वाह गरेको छ।
- अक्टोबर समाजवादी क्रान्ति (१९१७) बाट सोभियत गणतन्त्रको स्थापनाले मानवअधिकारको विकास प्रक्रियामा महत्वपूर्ण स्थान ओगटेको छ।
- राष्ट्र संघ निरिह बन्यो र शक्ति राष्ट्रहरूले व्यक्त गरेका प्रतिवद्धताबाट पन्छिए। फलस्वरूप दोस्रो विश्वयुद्ध भयो। दोस्रो विश्वयुद्ध पछि मानवअधिकारको संरक्षण र विश्व शान्ति तथा प्रगति परस्पर निर्भर रहेको हृदयंगम गरी यस ध्येय अनुरूप सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भयो। संयुक्त राष्ट्र संघको वडापत्र (Charter) तथा स्वासगरी १९४८ को विश्वव्यापी मानवअधिकार घोषणपत्र (universal Declaration of Human Rights) ले मानवाधिकारको संरक्षण, सम्बर्द्धन र विकास निम्ति मार्ग प्रशस्त गऱ्यो।
- संयुक्त राष्ट्र संघसित आवद्ध रहेका अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), संयुक्त राष्ट्र संघीय बालकोष (UNICEF), संयुक्त राष्ट्र संघीय शैक्षिक, बैज्ञानिक र साँस्कृतिक संगठन (UNESCO) आदिले मानवअधिकारको संरक्षण र सम्बर्द्धन निम्ति उल्लेख्य काम गरेका छन्।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (एम्नेष्टी इन्टरनेशनल, रेडक्रस आदि) ले मानावधिकारको विविध पक्षमा महत्वपूर्ण योगदान दिएका छन्।
- मानवाधिकार सम्बन्धी यूरोपेली व्यवस्था सन् १९४९ पछि युरोपेली परिषद् (European Council) स्थापना पश्चात् सन् १९५० मा मानवाधिकार सम्बन्धी युरोपेली आयोग र मानवअधिकारको युरोपेली न्यायालयको स्थापना एवं ८ वटा उपलेखहरू (Protocals) निर्माण भएका छन्।
- अमेरिकी राष्ट्रहरूको संगठन (Organization of American States) ले १९५१ पछि बोगटा वडापत्र (१९४८ मा तयार) पारित गऱ्यो र सन् १९६९ मा मानवअधिकार सम्बन्धी अमेरिकी

घोषणापत्र पारित गऱ्यो। यस अन्तर्गत मानवअधिकारको अन्तर अमेरिकी आयोग र अन्तर अमेरिकी मानवअधिकार न्यायालय समेत स्थापना भएकोछ।

- अफ्रिकी एकता संगठनको स्थापना (१९६३) पछि सन् १९६९ को लुसाका घोषणापत्र र सन् १९८१ को मानवअधिकार तथा जनताका अधिकार सम्बन्धी बाञ्जुल, वडापत्रका साथै मानवअधिकार तथा जनताका अधिकार सम्बन्धी अफ्रिकी आयोग स्थापित छ।
- अफ्रिका तथा एशिया महादेशका २१ मुसलमान राष्ट्रहरू मिली इल्सामी राष्ट्रहरूको संगठनले मानवअधिकार निम्ति खास प्रयत्न गरेको छैन। केही गैरसरकारी संस्थाहरूको केही प्रयास फाटफूट देखिन्छ। उल्लेखनीय रूपमा १९९३ मार्चमा मानवअधिकार सम्बन्धी गैरसरकारी संस्थाहरूको वैंकक् घोषणा रहेकोछ। तापनि शसक्त प्रयास छैन।

नेपालको परिप्रेक्षमा मानवाधिकारको विकास

- वि. सं. २००४ पूर्व राणाशाहीमा अलिखित कानून शासकहरूको इच्छा र ओदश) मात्र थियो। वि. सं. २००४ मा "नेपाल सरकार वैधानिक कानून" प्रथम पटक लिखित दस्तावेज स्वरूप प्राप्त भयो। सीमित रूपमा केही मौलिक अधिकारहरूको उल्लेख मात्र थियो र व्यावहारिक हुन सकेन।
- वि. सं. २००७ को "नेपाल अन्तरिम शासन विधान" मा मौलिक हक सम्बन्धी व्यवस्था भएपनि प्रचलनका लागि उपचारको व्यवस्था थिएन।
- वि. सं. २०१५ को " नेपाल अधिराज्यको संविधान" मा मौलिक हक सम्बन्धी व्यवस्थाका साथै उपचारको प्रबन्ध पनि थियो। तर सार्वजनिक हितको नाउँमा सामान्य अवस्थामा पनि बन्देज लाउन सक्ने प्रावधान थियो। साथै राजाको शक्ति अनियन्त्रित छोडेको थियो।
- वि. सं. २०१९ को "नेपालको संविधान" मा मौलिक हक शीर्षक अन्तर्गत केही अधिकारहरू राखिएका भएपनि सार्वजनिक हितका लागि बन्देज लाउन सक्ने प्रावधानले मौलिक हकलाई निरर्थक तुल्याएको थियो। थुप्रै काला कानूनहरूले अधिकारहरू खोस्ने र जनतामाथि शोषण उत्पीडनको पहाड खन्याइयो।
- वि. सं. २०४६ को जनआन्दोलन पश्चात् निर्मित "नेपाल अधिराज्यको संविधान, २०४७" मा मानवअधिकार तथा प्रजातन्त्रको पक्षमा सकारात्मक व्यवस्था भएको छ। मौलिक हकहरूको व्याख्या गर्दै संकटकालीन स्थितिमा पनि तिनीहरू निलम्बन गर्न नसकिने व्यवस्था गरेको छ र उपचारात्मक पक्षलाई पनि ध्यान दिएकोछ।
- संविधानमा बाँच्ने हक, बेरोजगारीबाट संरक्षण हुने, पर्याप्त जीवनस्तरको अधिकार, अनिवार्य तथा निशुल्क शिक्षा, महिलाहरूको व्यवस्थामा कमी देखिन्छ। त्यस्तै "हिन्दु अधिराज्य", धार्मिक शोषण जातीय शोषण, सम्पत्तिमाथिको हक तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूबारे कम वा न्यून मात्र ध्यान पुगेको छ। कतिपय ठाउँमा प्रतिवन्धात्मक वाक्यांशहरू अद्यापि छन् तथा पंचायती ऐन, कानूनहरू प्रचलनमा रहिरहेकै छन्। फलतः मानवअधिकार उल्लंघनका घटनाहरू भइरहेका छन्। ●

मानवअधिकार संस्थाहरुद्वारा एक महिने कार्यक्रम संचालन गरिने

सरकारले २०५५ जेठ १२ गतेदेखि संचालन गरेको किलो शेरा टु अपरेशन नामक प्रहरी कारवाही र माओवादीहरूद्वारा जनयुद्धका नाममा भइरहेका हिंसात्मक गतिविधि तुरून्तै रोकी व्यक्ति हत्या बन्द गर्ने तथा यथाशीघ्र मानवअधिकार आयोग गठन हुनुपर्ने प्रमुख माग राखी देशका ११ वटा सक्रिय मानवअधिकार संस्थाहरूको एक बैठकले सर्वसम्मतरूपमा एक महिने विरोध कार्यक्रमको घोषणा गरेका छन्।

जसअन्तर्गत भाद्र २ गते विरोध जुलुस, ३ गते प्रधान न्यायाधीश र विपक्षी दलका नेतासंग भेटघाट, ४ गते पत्रकार सम्मेलन, ५ गते पद्मोदय स्कूलअगाडि धर्ना, ७ गते भद्रकालीमा १२ घण्टे सांकेतिक भोक, हडताल, ८ गते भक्तपुरको सुकुलढोकामा कोणसभा, ९ गते गौशालामा कोणसभा र १० गते भद्रकालीअगाडि धर्ना दिइनेछ भने ११ गते वसन्तपुरमा कोणसभा गरी १२ गते माइतीघर र १४ गते मन्त्री आवासअगाडि धर्ना दिइने कार्यक्रम छ।

त्यसैगरी १५ गते नेका र १६ गते एमाले कार्यालयअगाडि यो समस्या समाधानार्थ मानवअधिकारकर्मीहरूले धर्ना जुलुसको आयोजना गर्ने भएका छन् भने १७ गते इन्द्रचोकमा र १८ गते पुतलीसडकको स्वसीबजारमा कोणसभा गरिने र १९ गते नयाँ सडक, पीपलबोटमा धर्ना दिइनेछ। २१ र २२ गते क्रमशः भोटाहिटी र पाटनमा कोणसभाको आयोजना गरिनेछ। २३ गतेको जुलुसपछि २४ गते पत्रकार सम्मेलनमार्फत् सर्वसाधारणलाई वस्तुस्थिति अवगत गराइनेछ।

भाद्र २५ गते मानवअधिकारवादीहरूको एक टोली माओवादी जुनयद्धबाट बढी प्रभावित जिल्ला रोल्पाका लागि प्रस्थान गर्नेछ र २८ गते रोल्पाका प्रमुख जिल्ला अधिकारीको कार्यालयअगाडि धर्ना दिइ काठमाडौं फर्कनेछ। रोल्पा प्रस्थानका क्रममा बाटामा पर्ने विभिन्न स्थानमा पनि विरोध कार्यक्रमलाई निरन्तरता दिइनेछ। महिनाको अन्तिम दिन पत्रकार सम्मेलन गरी सम्पन्न कार्यक्रमका अनुभव, उपलब्धि तथा त्यसपछिका थप कार्यक्रम सार्वजनिक गरिने पनि संयुक्त कार्यक्रममा उल्लेखित छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मानवअधिकार संगठन, मानवअधिकार संरक्षण मञ्च, इन्हुरेड, सिविन, सिभिक्ट, आइएचआरडी, जनअधिकार सरोकार अभियानलगायत्का मानवअधिकार संस्थाहरूको सक्रिय सहभागिता रहने उ कार्यक्रमहरूलाई सहयोग गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सम्पूर्ण जनसमु समक्ष अपिल गरेको छ।

इन्सेक अभियानको आफ्नै सूचना

इन्सेक अभियानको आगामी ०५५ पुस अंक इन्सेकका संस्थापक एवं अथक मानवअधिकार योद्धा प्रकाश काफलेको स्मृतिमा केन्द्रित हुनेछ । त्यसकारण इन्सेक क्षेत्रीय कार्यालय, आबद्ध संस्था तथा इन्सेकका कार्यक्रमहरूमा संलग्न रहनु भएका जो कसैले पनि प्रकाश काफलेसंग सम्बद्ध रहँदाका संस्मरण, कविता, लेख, टिप्पणी एवं रचनाहरू तयार गरी आगामी मंसीरको दोस्रो हप्तासम्ममा पठाई सहयोग पुऱ्याउनु हुन अनुरोध गरिन्छ ।

– प्रकाशन शाखा
इन्सेक

सूचना

इन्सेकका सबै क्षेत्रीय कार्यालय तथा आवद्ध संस्थाहरूले इन्सेक अभियानमा प्रकाशन गर्नु पर्ने कार्यक्रम सम्बन्धी समाचार सामग्रीहरू इन्सेक केन्द्रीय कार्यालय, कार्यक्रम शाखामा उक्त कार्यक्रम सम्पन्न भएको लगत्तै प्राप्त हुने गरी पठाउनु हुन अनुरोध गरिन्छ।

ढिलो गरी प्राप्त हुने समाचार सामाग्रीहरू प्रकाशन गर्न हामी प्राविधिक रूपले असमर्थ हुने जानकारी समेत गराइन्छ।

– अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

संयोजन

नरनाथ लुइँटेल
आत्माराम शर्मा
गोविन्द त्रिपाठी

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो.ब.नं. : २७२६, कलंकी, स्यूचाटार, काठमाडौं
फोन : २७०७७० / २७८७७०
फ्याक्स नं.: २७०५५१

BY AIRMAIL